लेखापरीक्षण प्रतिवेदन

मुड्केचुला गाउँपालिका, डोल्पा

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

मुड्केचुला गाउँपालिका, डोल्पा

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्र्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्र्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कर्णाली प्रदेश

काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२९

च.न :APPROVED/FAR/2081-82/LOC/312

श्रीमान् अध्यक्षज्यू,

मुड्केचुला गाउँपालिका,

गाउँ कार्यपालिकाको कार्यालय, डोल्पा ।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(टिकाराम श्रेष्ठ)

नायब महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कर्णाली प्रदेश

काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२९

च.न :APPROVED/FAR/2081-82/LOC/312

श्रीमान् अध्यक्षज्यू,

मुड्केचुला गाउँपालिका,

गाउँ कार्यपालिकाको कार्यालय

डोल्पा।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको राय

हामीले त्यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ मसान्त मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. गाउँपालिकालेअन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रूपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन।

२.२ गाउँ पालिकाको रु. ७८ करोड ५३ लाख ५५ हजारको लेखापरीक्षण गरिएकोमा लेखापरीक्षणबाट रु. १ करोड ६१ लाख ६८ हजार बेरुजु देखिएको छ। प्रतिक्रिया प्राप्त नभएकोले असुल गर्नुपर्ने रु. ४३ लाख २६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ४७ लाख ९६ हजार, नियमित गर्नुपर्ने रु.२७ लाख ४१ हजार र पेश्की बाँकी रु. ४३ लाख ५ हजार रहेको छ। गत वर्षसम्म कायम बेरुजू रु.२४ करोड ३ लाख ८७ हजार मध्ये रु.१ करोड २४ लाख ८६ हजार फर्स्यौट भई यसवर्षको थपसमेतहालसम्म अद्यावधिक बेरुजू रु.२४ करोड ४० लाख ६९ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोरा- लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँकार्यपालिका, प्रमुख र प्रमुख प्रशासकीय अधिकृत, गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।



(टिकाराम श्रेष्ठ)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट सम्परीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
६३	१४०	१,६१,६८,३३५	०	०	०	०	६३	१४०	१,६१,६८,३३५	४३,२६,५१४	२७,४१,१५९	४७,९५,६६२	०	०	७५,३६,८२१	४३,०५,०००

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
डोल्पा	२४,०३,८७,८४०		१,२४,८६,५३४	२२,७९,०१,३०६	०	१,६१,६८,३३५	२४,४०,६९,६४१

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८०/८१	बिभिन्न	घरेलु सौर्य उर्जा	५९,३६,५११
२	२०८०/८१	बिभिन्न	आन्तरिक लेखापरीक्षण	१३,१५,०८०
३	२०७९/८०	बिभिन्न	सुरक्षित नागरिक आवास कार्यक्रम	१७,८९,८००
४	२०७९/८०	बिभिन्न	कम्प्युटर खरिद	१३,५२,३४०
५	२०७९/८०	बिभिन्न	अन्य कार्यालयको खर्च	३,५०,०००
६	२०७८/७९	बिभिन्न	विल भरपाईः	८१,३६०
७	२०७८/७९	बिभिन्न	कार्यक्रम कार्यान्वयन पुस्तिकाको पालना नभएकोः	११,६१,४४३

म्यानुअल सम्परीक्षण	५,00,०००
जम्मा	१,२४,८६,५३४

मुड्केचुला गाउँपालिका, डोल्पा

(८०६६१५०५३००)

मुड्केचुला गाउँपालिका , डोल्पा

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय :- स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी,कार्यकारीणी र न्यायिक अभ्याससलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाकोस्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नुर स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीयसेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ९ वडा, २५०. ०८ वर्ग किलोमिटर क्षेत्रफलतथा ५८०३ जनसंख्या रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।४।२७ देखि २०८२।६।५ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- कार्यालयको आय तर्फ रु ४१८००२६४३।०० र व्ययतर्फ रु. ४१८००२६४३।०० गरी जम्मा रु. ८३६००५२८६।०० को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा

संलग्न छ ।

(ज) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ६३९३६९०।०० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

सि.नं	**बिवरण**	**रकम रु.**
१	शिक्षातर्फ, चन्दननाथ आ.विमा बढी निकासा	२८०००
२	आन्तरिक राजस्व, वडा नं.१ को नगदी रसिद	१२००
३	स्थानीय भत्ता, लोकेन्द्र खड्का	६१००
४	अन्नपुर्ण मा वि भौतिक पुर्वाधार निर्माण वापतको रु१४९५०८९। २०८२।५।१४ मा भौ नं ८४१८६३७ वाट दाखिला भएको	१४९५०८९
५	अन्नपुर्ण मा वि भौतिक पुर्वाधार निर्माण वापतको रु१४९५०८९। २०८२।६।२८ मा दाखिाला भएको	१४६०००
६	शर्शत अनुदान कार्यक्रम फरक पारी खर्च भएको रु२०६६९७७। मिति २०८२।६।२२ मा भौ नं ७५८५९५५ वाट दाखिला भएको	२०६६९७७
७	शर्शत अनुदान कार्यक्रम फरक पारी खर्च भएको रु२४०००००। मिति २०८२।६।२२ मा भौ नं ७५८५९५४ वाट दाखिला भएको	२४०००००
८	असम्वन्धितलाई भ्रमण भत्ता ५०००० मिति २०८२।६।२६ मा गाउँपालिकाको आन्तरिक राजश्व खातामा दाखिला भएको।	५००००
९	वढी भुक्तानी ५१२०। मिति २०८२।६।२६ मा गाउँपालिकाको आन्तरिक राजश्व खातामा दाखिला भएको।	५१२०
१०	वढी भुक्तानी २२२०० । मिति २०८२।६।२६ मा गाउँपालिकाको आन्तरिक राजश्व खातामा दाखिला भएको।	२२२००
११	औषधि खरिदमा वढी भुक्तानी १२२०४।मिति २०८२।६।२६ मा गाउँपालिकाको आन्तरिक राजश्व खातामा दाखिला भएको।	१२२०४
१२	वढी तलव भुक्तानी ५८८००। मिति ०८२।५।८ मा भौ नं १५१०१४३ वाट राजश्व खातामा दाखिला भएको।	५८८००
१३	वढी तलव भुक्तानी ५२०००। मिति ०८२।५।८ मा भौ नं १५०५५६० वाट राजश्व खातामा दाखिला भएको।	५२०००
१४	स्थानीय भत्ता ५००००। मिति २०८२।६।३० मा गाउपालिकाको स्थानीय खातामा जम्मा भएको।	५००००

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ वित्तीय विवरण परीक्षण

स्थानीय सरकार सञ्चालन ऐन , २०७४ को दफा ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा नेपाल सरकार वाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७९।७।२० मा नेपाल सरकारबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नु पर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म . ले . प . फा . नं २७ ०) सम्बन्धमा देखिएका बेहोरा निम्नअनुसार छन्:

२.१

विवरण	रकम	विवरण	रकम
सुरु मौज्दात		चालु खर्च	२२१९८६९५२
१. संचित कोष	२०७९५०२९		०
२. धरौटी	२९३६००४		०
३. कार्यसञ्चालन कोष	८३८०९८१		०
यस वर्षको आय		पुँजीगत खर्च	१२८४८८७६७
१. आन्तरिक आय	२५६६७६६		०
२. वित्तीय हस्तान्तरण (संघ)		कार्यसञ्चालन कोष खर्च	७०९२१४७
क) समानीकरण अनुदान	६३५८९६८०	धरौटी फिर्ता	१९१४१७७
ख) राजस्व बाँडफाँट	५४७५८१३६		
ग) सशर्त अनुदान	१६७९८६०००		०
घ) समपुरक अनुदान	२१७१०७३		
छ) अन्य	०	अन्तर सरकारी अख्तियारी (संघ)	०
३. वित्तीय हस्तान्तरण (प्रदेश)	०	क) सामाजिक सुरक्षा	२२९६३१९७
क) समानीकरण अनुदान	६२६००००	ख) गरिबसँग विशेश्वर कार्यक्रम	०
ख) राजस्व बाँडफाँट	३९०५२०	अन्तर सरकारी अख्तियारी (प्रदेश)	०
ग) सशर्त अनुदान	५१८३८०००	६. मख्यमन्त्रि रोजगार कार्यक्रम	९७१२८२५
	०	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	१५३६०००
४. अन्तर सरकारी अख्तियारी (संघ)			०
क) सामाजिक सुरक्षा	२२९६३१९७	अनुदान फिर्ता	०
६. मख्यमन्त्रि रोजगार कार्यक्रम	९७१२८२५		
७. धरौटी आय	२११८४३१	संचित कोषको मौज्दात	८९२६०५१
८. कार्यसञ्चालन कोष आय	०	धरौटी	१९२२९८७
आन्तरिक मामिला तथा कानून मन्त्रालय	१५३६०००	कार्यसञ्चालन कोष	४४८४७९५
१०. गैरसरकारी संस्थाबाट सञ्चालित योजना	०	४. अन्यकोष	६३६९२८
११. अन्य सहयोगमा प्राप्त सञ्चालित योजना	०	आन्तरिक आय सुत्रमा आम्दानी नवाँधेको	२५६६७६६
१२. अन्य आय	०	हिसाव फरक परको	५७७१०५१
जम्मा	४१८००२६४३	जम्मा	४१८००२६४३

२.२ वित्तिय विवरणको विश्लेषणः पालिकाले आफ्नो आन्तरिक आम्दानीलाई सुत्रमा आम्दानी नवाँधेको तथा गत वर्षदेखिको हिसाव मिलान गर्न वाँकि रहेको कारण यस वर्ष पनि रु.५७७१०५१।हिसाव फरक परेको छ।हिसाव फरक परेको सम्वन्धमा पालिकाले वैक हिसाव मिलान विवरण तयार गरी हिसाव मिलान गर्नुपर्दछ।

२.३ वित्तीय विवरणको यथार्थता - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ ।पालिकाले आर्थिक कारोवार लेखा गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ ।तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.२२९६३१९७।- र मुख्य मन्त्री रोजगार कार्यक्रम रु. ९७१२८२५ ।- र आन्तरिक मामिला तथा कानून मन्त्रालय रु १५३६००० ।- समेत गरी रु ३४२१२०२२।- सुत्रमा लेखा राखेको छैन । जसले गर्दा सुत्र प्रणालीवाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ पालिकामा हुने सवै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ ।

२.४ फरक जिम्मेवारी - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदन तथा सुत्र अनुसार अन्तिम वैक मौज्दात रु. ३ करोड ५ लाख १५ हजार रहेकोमा यो वर्ष रु ३ करोड २१ लाख १२ हजार जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदन तथा गत बर्षको शुत्रको जिम्मेवारी भन्दा रु. १५ लाख ९७ हजार बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिन्छ ।

२.५ बैङ्क हिसाब विवरण - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

खाताको प्रकार	श्रेस्ता अनुसार बाकी रु	सुत्रमा उल्लेख भएको वैक वाँकि
ग १. २ , बाँडफाँडबाट प्राप्त राजस्व खाता	०	९४८१३४६. ११
ग १. ३ , आन्तरिक अनुदान खाता	०	०
ग २. २ , चालू खर्च खाता- जोर वर्ष	-८८०१७५. ६६	४४६११४. ४२
ग २. ४ , पुँजीगत खर्च खाता- जोर वर्ष	६९५९१७.	१३६९०३७.
ग २. ७ , विविध खर्च खाता	४५७४८१६. २७	०
ग ३. १ , स्थानीय तह धरौटी खाता	१९२२९८७.	२११८४३१.
ग ४. १ , स्थानीय तह सञ्चित कोष खाता	८९२६०५०. ७३	७६,८३८. ८४
वैक कारोवारमा भिन्नता राजश्वज खाता र संचित कोष खाता	-३८०७२९३. ६५	
	११४३२३०१. ६९	१३४९१७६७. ३७

पालिकाले म. ले . फा . नं . २१२ तयार गरी स्रेस्ता अनुसार साथै शुत्र अनुसार र बैङ्क बीच हिसाब मिलान गर्नुपर्दछ । उपरोक्त अनुसार स्रेष्ता भन्दा बैकमा फरक परेको रु . २०५९४६५ . ६८ को सम्बन्धमा बैक मिलान हिसाव तयार गरी एकिन गरीनु पर्दछ ।

२.६ सञ्चित कोषमा स्थानान्तरण - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्षको अन्त्यमा पालिकाको चालु,पुँजीगत तथा विविधखाता मा मौज्दात वाँकी रहेकोमा आ व २०८१।८२ मा उक्त रकम हिसाव मिलान गरेको पाइयो । पालिकाले तोकिएको समयमा नै सो रकम सञ्चित कोषमा स्थानान्तरण गरी हिसाब मिलान गर्नुपर्दछ ।

२.७

शसर्त अनुदान फिर्ता - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४५ अनुसार सङ्घीय सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई बाँकी रहेको शसर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । सुत्रबाट तयार भएको पालिकाको यस वर्षको वित्तीय प्रतिवेदनको अनुसूची २ बमोजिम पालिकाले संघिय सर्शत अनुदान रु३३६००।०० फिर्ता वाँकी रहेको रकम फिर्ता गरी फरफारक गर्नु पर्दछ ।

प्रमाण पेश नगरेको	३३,६००

३ **आय अनुमान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. ५० लाख हजार प्राप्त हुने प्रक्षेपण गरेकोमा यो वर्ष रु. २५ लाख ६७ हजार अर्थात अनुमानको ५१.३४ प्रतिशत मात्र आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

४ **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८१।८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

संघ तथा प्रदेशवाट अनुदान तथा राजश्व वाँडफाड बाट प्राप्त	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
३४६९९३४०९	६२६१९६८	१.८०

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १ . ८० प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

५ **कर तथा शुल्क असुली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

आय शीर्षक	अनुमान	असुली	असुली प्रतिशत
१३१३ एकीकृत सम्पती कर	०	२५६६७६६	५१.३४
११३१४ भुमिकर/ मालपोत	५०००००		
११३२१ घर वहाल कर	१०००००		
११६९१ अन्य कर	२८८००००		
१४२१८ विद्युतिय सेवा शुल्क	५०००००		
१४२२१ न्यायिक दस्तुर	५०००		
१४२५३ व्यवसाय रजिष्ट्रेशन दस्तुर	५०००००		
१४२४३ सिफारिस दस्तुर	५०००००		
१४२४५ नाता प्रमाणित दस्तुर	५०००		
व्यक्तिगत घटना दस्तुर	१००००		
जम्मा कर राजस्व	५००००००	२५६६७६६	

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन। तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

६ **असुली गर्न बाँकी आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । पालिकाले उठ्न बाँकी रहको रकमको आयगत लगत समेत तयार गरेको छैन। जसवाट पालिकामा प्राप्ती हुनुपर्ने रकम भए नभएको एकिन गर्न सकिएन। जसबाट उठ्नुपर्ने राजस्वको समष्टिगत लगत तयार गरी वास्तविक प्राप्तीको अभिलेख तयार गर्नुपर्ने र सोही अनुसार आयको लेखाङ्कन गरी उल्लिखित रकम व्याज तथा हर्जना समेत यकिन गरी असुल गर्नुपर्दछ ।

७ **कट्टी रकम दाखिला नभएको**

आयकर ऐन, २०५८ को दफा ९० मा करकट्टी गरेको रकम महिना समाप्त भएको मितिले २५ दिनभित्र दाखिला गर्नुपर्ने उल्लेख छ। पालिकाले विभिन्न भौचरवाट कट्टी गरेको देहायवमोजिम कर रकम आर्थिक वर्षको अन्त्यसम्म दाखिला गरेको नदेखिएकोले उक्त रकम सम्वन्धित राजश्व शिर्षकमा दाखिला गरी प्रमाण पेश गर्नुपर्दछ।

शीर्षक	रकम
अग्रिम कर एकलौटी फर्म तथा व्यक्तिगत आय -११११११	-४३६१४
पारिश्रमिक कर कट्टी-१११११२	-४५००
सामाजिक सुरक्षा कर-११२११	-२०९०५१
अन्य वहाल कर	२१८७५
कार्यसञ्चलन कोषतर्फ	
अग्रिम कर एकलौटी फर्म तथा व्यक्तिगत आय -११११११	-६५७५६
सामाजिक सुरक्षा कर-११२११	-९२६५
अन्य वहाल कर	-१५,०००
जम्मा	**३६००६१**

प्रमाण पेश नगरेको	३,६०,०६१

८ **आवधिक योजना**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

९ **मध्यमकालिन खर्च संरचना**

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा १७ मा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामि तिन वर्षमा हुने खर्चको प्रक्षेपण सहित मध्यकालिन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ। कार्यालयले यस वर्ष मध्यम अवधिको खर्च र सोको रणनीति तयार गर्नुपर्नेमा सो गरेको पाइएन।कार्यालयले मध्ययम अवधिको रणनीति तय गरी मध्यकालिन खर्च संरचनाका आधारमा वार्षिक वजेट तथा कार्यक्रम तय गर्नुपर्दछ।

१० **योजना प्राथमिकीकरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने र योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नानुसार ६८ योजनामा वजेट विनियोजन गरेको छ।

क्र श	विवरण	योजना संख्या	रकम
१	रु १ लाख भन्दा कमका योजना	५	४ लाख २२ हजार
२	रु १ लाख देखि ५ लाख सम्मका योजना	२१	३८ लाख ६० हजार
३	रु ५ लाख देखि 10 लाख सम्मका योजना	९	७५ लाख ७८ हजार
४	रु 10 लाख देखि 25 लाख सम्मका योजना	१०	१ करोड ६९ लाख ०७ हजार
५	रु 25 लाख देखि ५० लाख सम्मका योजना	१६	५ करोड ११ लाख १७ हजार
६	रु ५० लाख भन्दा माथिका योजना	७	४ करोड ८५ लाख ६७ हजार
	जम्मा	**६८**	१२करोड ८४ लाख ७१ हजार

उपर्युक्त विवरण अनुसार पालिकाले अधिकाश ५ लाख भन्दा साना र वितरण म ुखी योजनाहरु स ञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिको खर्च मा बृद्धि भै लागत प्रभावहीन हुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ पालिका ले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण गरी छनौट गरी सोको प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

११ **वार्षिक खरिद योजना/गुरुयोजना**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको यस बर्ष खरिद समेत पुँजीगत खर्च शिर्षकमा रु १२ करोड ८४ लाख ८९ हजार पूँजीगत खर्च गरेको छ ।पालिकाले नियमावली बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना बनाई खरिद कार्य गरेको देखिएन । अतः पालिकाले खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

१२ **बजेट तथा कार्यक्रम तर्जुमा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

१३ **बजेट सीमा निर्धारण समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

१४ **बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित

गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्षबाट २०८१।३।१० गते रु. ३९ करोड १५ को बजेट सभा समक्ष पेश गरेकोमा २०८१।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०८१।४।७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

१५ **रकमान्तर**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७९ मा कार्यपालिकाले स्विकृत वजेटको अधिनमा रहि कुनै शिर्षकवाट पुँजिगत शिर्षकमा २५ प्रतिशतसम्म रकमान्तर गर्न सक्ने व्यवस्था रहेको छ। यस पालिकाले विभिन्न १६ वजेट शिर्षकवाट २ करोड ५२ लाख ७० हजार रकम घटाएर कार्यक्रम संसोधन मार्फत विभिन्न शिर्षक तथा योजनामा रकमान्तर गरेको छ ।असारमा वजेट तथा कार्यक्रम वनाउदा यसमा पर्याप्त गृहकार्य नगर्नु तथा तोकिएका समितिले प्रभावकारी काम गर्न नसकेको कारण पटक पटक कार्यक्रम संसोधन भएको देखिन्छ।पालिकाले वजेट तथा कार्यक्रमलाई विश्वनिय वनाई कार्यान्वियनयोग्य योजनामा मात्र वजेट विनियोजन गर्नुपर्दछ।

१६ **क्षेत्रगत बजेट र खर्च**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

क्र. सं.	क्षेत्र/ उप क्षेत्र	विनियोजन	खर्च	खर्च (%)
१	आर्थिक विकास	१०७६००००	८६७३७३४	८०. ६१
२	सामाजिक विकास	१२५०३२०००	११५२५३२५७	९२. १८
३	पूर्वाधार विकास	१०९१७००००	९६१६०९३३	८८. ०८
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	१४८१३०००	१३४१८०९४	९०. ५८
५	कार्यालय सञ्चालन तथा प्रशासनिक	१२३४९७५००	११४७९५२२९	९२. ९५
कुल जम्मा		३८३२७२५००	३४८३०१२४७	९०. ८७

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये आर्थिक विकासमा सबै भन्दा घटी ८० . ६१ प्रतिशत रहेको छ ।

१७ **खर्च बिश्लेषण**

पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु. २५ लाख ६६ हजार, राजस्व बाँडफाँड र अनुदानबाट रु ३५ करोड २८ लाख २४ हजार समेत रु ३५ करोड ९० लाख ८६ हजार आम्दानी भएकोमा चालु तर्फ रु २२ करोड १९ लाख ८६ हजार र पूँजिगत तर्फ रु १२ करोड ८४ लाख ८९ हजार समेत रु ३५ करोड ४ लाख ७६ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.८० प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु ६१ लाख ९९ हजार खर्च भएको छ जुन आन्तरिक आयको ९९ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६३.३३ प्रतिशत चालु र ३६.६७ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

१८ **त्रैमासिक पूँजीगत खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली ,२०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

वजेट शिर्षक	जम्मा	खर्च रु हजारमा				
		प्रथम त्रैमासिक	दोस्रो त्रैमासिक	तेस्रो त्रैमासिक	चौथो त्रैमासिक	असारको खर्च
विभिन्न	१२८४८९	२२५६४	२३६८०	१६९७३	६५२७२	४८२९९
खर्चको प्रतिशत	१००	१७.५७	१८.४३	१३.२१	५०.७९	३७.५९

कार्यालयले यो वर्ष कुल पूँजीगत बजेट रु . १२ करोड ८४ लाख ८९ हजारमध्ये मध्ये प्रथम त्रैमासिकमा रु २ करोड २२ लाख ६४ हजार (१७ . ५७ प्रतिशत), दोस्रो त्रैमासिकमा रु २ करोड ३६ लाख ८० हजार (१८ . ४३ प्रतिशत) तेस्रो त्रैमासिकमा रु १ करोड ६९ लाख ७३ हजार (१३ . २१ प्रतिशत) र चौथो त्रैमासिकमा रु .६ करोड ५२ लाख ७२ हजार (५० . ७९ प्रतिशत) खर्च गरेको देखिन्छ। असार महिनामा मात्र रु . ४ करोड ८२ लाख९९ हजार (३७ . ५९ प्रतिशत) देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

१९ कार्यक्रमगत प्रगती

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३५ मा अनुसूचि २ अनुसारको प्रगति विवरण तयार गर्नुपर्ने उल्लेख छ। नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले देहायवमोजिमका कार्यक्रममा न्युन तथा शुन्य प्रगति गरेको छ। पालिकाले कार्यान्वियन गर्न सक्ने योजनाहरु छनोट गरी कार्यान्वियनमा लैजानुपर्दछ। पालिकाले तय गरेका पुँजिगत कार्यक्रम तर्फ न्युन प्रगति भएका योजनाहरुको केही उदाहरण देहायअनुसार छन्:

क्र. सं .	कार्यक्रम/ आयोजना / क्रियाकलापको नाम	विनियोजन रु हजारमा	खर्च रु हजारमा	खर्च (%)
१	चर्पि निर्माण वडा नम्वर ७	३००	०	०
२	पालिकाको प्रशासनिक भवन निर्माण योजना	६०००	६५७	१०. ९५
३	मौरे भालु सर्मि सडक स्तरउन्नति	१००००	२१७४	२१. ७४
४	खेलकुद कभड हल पुननिर्माण मुड्केचुला	२०००	९८४	४९. २३
५	सहिद पार्क निर्माण मुड्केचुला ७	२५००	१३८७	५५. ५
६	पुजिगत तर्फको मर्मत सम्भार	६०००	३३६६	५६. ११
७	प्रधानमन्त्री रोजगार मा म्याचिङ	२५००	१५२७	६१. ११
८	मारे खानेपानी निर्माण तथा मर्मत वडा नम्वर १	१००	६५	६५. ०२

२० आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन्:

२०.१ वजेट व्यवस्थापनतर्फ

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन नगरेको,स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन,

- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालिन खर्चको संरचना तयार नगरेको.
- दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकीकृत दीर्घकालिन योजना तयार नगरेको,
- स्थानीय तहले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका स्वीकृति गरी सोको पालना नगरेको,
- स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको ।

  अवकास कोष सम्वन्धि कानूनी व्यवस्था कार्यान्वियन गरेको पाइएन ।

२०.२ **भ्रमण खर्च व्यवस्थापनतर्फ**

· भ्रमण खर्च नियमावली, २०६४ अनुसार कार्यालयले भ्रमण काजमा खटाउँदा भ्रमणअभिलेख व्यवस्थित नगरेको,

· नियमावलीमा उल्लेख भएबमोजिम भ्रमण पश्चात् भ्रमण प्रतिवेदन लिने नगरेको ।

२०.३ **खरिद व्यवस्थापन तर्फ**

· सार्वजनिक खरिद ऐन २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार नगरेको,

· सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको,

· सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण नगरेको,

· स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण नगरेको,

· स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयन र अभिलेख राख्ने नगरेको,

· ठेक्का तथा उपभोक्ता समिती मार्फत कार्य गरेकोमा विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टेन्जेन्सी खाता नराखेको ,

· प◌ालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी केही सामान वडा कार्यालय तथा विभिन्न शाखामा वितरण गरेको पाईयो भने वडा मा रहेका सम्पुर्ण सामान पालिकाको मुल जिन्सी खातामा उक्त सामान नचढाएको,

· जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा नगरेको ,

२०.४

- **शिक्षातर्फ**
- स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको छैन,
- शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS):- कार्यक्रम कार्यान्वियन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वियन नभएको ,
- शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ मा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने , सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरी राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार नगरेको ।

२०.५ सेवा प्रवाह तथा विविधतर्फ

· मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ. टी . डि . एस . नगरेको ,

· कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखे नराखेको,

· कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि तेरिज बनाइ कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित नगरेको,

· मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समिति तथा नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार पेश्की फर्स्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा नगरेको साथै सम्पती समेत आम्दानी बाधी अध्यावधिक नगरेको ।

· स्थानीय सरकार सञ्चालन ऐन , २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू- संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा यस स्थानीय तहले जग्गाको उपयोग सम्बन्धी मापदण्ड बनाई लागू न गरेको ।

· सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली , २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।

· सवारी साधनको मर्मत अभिलेख अद्यावधिक गरी राख्ने गरेको छैन ।

· कर्णाली प्रदेश स्थानीय सेवा ऐन , २०८१ दफा ६ वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन ।

· कर्णाली प्रदेश स्थानीय सेवा ऐन, २०८१ को दफा ४३ बमोजिम कर्मचारीहरुको प्रत्येक वर्ष तलवी प्रतिवेदन पारित गराई तलब भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालय ले आर्थिक वर्ष २० ८१ । ८२ मा तलवी प्रतिवेदन पारित नगरी समानीकरण अनुदान र राजश्व वाँडफाँट स्रोतवाट रु . २३२०२५०६। तलब भत्तामा खर्च गरेकोले ग्रेड लगायतको खर्च एकिन गर्न सकिएन।

· पालिकाले वडा नं ७ र ९ मा स्थायी कर्मचारी अभाव भएको उल्लेख गरी करार कर्मचारी लाई वडा सचिवको जिम्मेवारी दिएको ।

· पालिकामा भएका आर्थिक कारोवारको गोश्वारा भौचर कार्यालय प्रमुख तथा लेखा प्रमुखवाट प्रमाणित गरी अभिलेख व्यवस्थापन गर्नुपर्नेमा अधिकांश गोश्वारा भौचरहरु प्रमाणित नभएको।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

२१ कानुन निर्माण

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिका वाट प्राप्त विवरण अनुसार हालसम्म १८ ऐन १५ नियमावली ३७ निर्देशिका तथा कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ । पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका वाँकी विषयमा कानुन वनाई कार्यान्वियन गर्नुपर्दछ।

२२ न्यायिक समिती

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । न्यायिक समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । पालिकावाट प्राप्त विवरण अनुसार गत वर्ष फछ्यौट हुन वाँकि रहेको १ उजुरी रहेको र यस वर्ष २ उजुरी दर्ता भएकोमा १ वटा फछ्यौट भई २ वटा वाँकि रहेको देखिन्छ। पालिकाले वाँकि रहेका उजुरी समयमै फछ्यौट गर्नुपर्दछ।

२३ सार्वजनिक सम्पती व्यवस्थापन प्रणाली PAMS को प्रयोग

नेपाल सरकारको २०७७ कार्तिक २० को निर्णयअनुसार सबै तहको सरकारी कार्यालयको सार्वजनिक कोषको खर्चमा वित्तीय पारदर्शिता र जबाफदेहिता साथै विद्युतीय सुशासन कायम गरी सेवा प्रवाहमा चुस्तता गुणस्तरीयता र प्रभावकारिता कायम गर्न ३ वटै सरकारले लागू गर्नुपर्ने गरी सार्वजनिक सम्पती व्यवस्थापन प्रणाली PAMS प्रयोगमा ल्याएको छ। यस पालिकाले सार्वजनिक सम्पत्ति

व्यवस्थापन प्रणाली आंशिक रुपमा लागू गरेतापनि पुर्ण रुपमा लागु नगरेको कारण पालिकाको सम्पुर्ण सार्वजनिक सम्पती तथा सोको मौद्रिक मुल्य सम्वन्धमा एकिन गर्न सकिएन। पुर्ण रुपमा लागु नगरेकोले खरिद गरेका वस्तु तथा सेवाको अभिलेख तथा संरक्षण सहि तथा यथार्थ छ भन्नेमा विश्वस्त हुन सक्ने अवस्था भएन। यस प्रणाली पुर्ण रुपमा लागु गरी सम्पतीको अभिलेख तथा संरक्षण गर्नुपर्दछ।

२४ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

२५ **अनुगमन तथा भ्रमण खर्च**

भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सो को अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय वनाउन आवस्यकता अनुसार आन्तरीक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ ।कार्यालयले यस वर्ष फिल्ड भत्ता, अनुगमन मुल्यांकन तथा भ्रमण खर्च शिर्षकमा रु ४१ लाख २६ हजार खर्च लेखेकोमा भ्रमणको उद्धेश्यमा कार्यालयको कामकाज मात्र उल्लेख गरेको र अनुगमन तथा भ्रमणको प्रतिवेदन राखेको छैन ।कार्यालयले भ्रमण विल भुक्तानी गर्दा भ्रमणको उद्देश्य पुरा भए नभएको सम्वन्धमा एकिन गरी भ्रमण प्रतिवेदन तयार भएपश्चात मात्र भ्रमण खर्च भुक्तानी गर्ने परिपाटी वसाल्नुपर्दछ।

२६ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक , वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४) , सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिका ले सहकारि संस्था दर्ता सम्बन्धी विवरण तथा सहकारी अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन माग गरेकोमा लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । पालिकाले सहकारी दर्ता गरि अनुगमन गर्नु पर्दछ ।

२७ **आन्तरिक लेखापरीक्षण**

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । यस पालिकामा आन्तरीक लेखापरीक्षक आ ले प सहायक पाचौ को १ जनाको दरवन्दी तथा पदपुर्ती रहेको छ । तर त्रैमासिक रुपमा पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गरी प्रतिवेदन पेश गर्नुपर्नेमा बर्षान्तमा आन्तरिक लेखापरीक्षण गरी प्रतिवेदन पेश गरेको छ ।तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

२८ **अवकास कोष**

स्थानीय सरकार सञ्चालन ऐन ,२०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ।साथै कर्णाली प्रदेश स्थानीय सेवा ऐन २०८१ को दफा १२५ मा स्थानीय तहले आफ्नो वहालवाला कर्मचारी अवकास प्राप्त कर्मचारी र निजको परिवारको सदस्यको लागि कर्मचारी कल्याण कोष स्थापना गर्न सक्ने उल्लेख छ। पालिकाले यस्तो स्थापना गरेको छैन। पालिकाले कानूनको तर्जुमा गरी उक्त कोष सञ्चालन मा ल्याउनु पर्दछ ।

२९ **नगदी रसिद**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २७(५) मा राजश्व लगत राख्ने तथा लेखा राख्ने, हिसाव भिडान गर्ने, वित्तिय विवरण तयार गर्ने, लेखापरीक्षण गराउने उत्तरदायित्व कार्यालय प्रमुखको हुने उल्लेख छ।पालिकावाट प्राप्त विवरण अनुसार पालिकाले यस वर्ष नगदी रसिद प्रयोग गरी रु.२४८६३३६। आन्तरिक राजश्व संकलन गरेको छ।आन्तरिक राजश्व संकलन गर्न वडा तथा पालिकास्तरमा नगदी र मालपोत रसिदको प्रयोग गरेकोमा पुरानो नगदी रसिद छपाई वितरण र प्रयोग सम्वन्धमा पालिकामा अद्यावधिक तथ्यांक रहेको देखिएन।जसले गर्दा राजश्व सम्वन्धमा एकिन गर्न सकिएन।पालिकाले राजश्व अभिलेखको अद्यावधिक विवरण तयार गरी अभिलेख गर्नुपर्दछ।

३० डोजर आम्दानी

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २७(५) मा राजश्व लगत राख्ने तथा लेखा राख्ने, हिसाव भिडान गर्ने, वित्तिय विवरण तयार गर्ने, लेखापरीक्षण गराउने उत्तरदायित्व कार्यालय प्रमुखको हुने उल्लेख छ।पालिकावाट प्राप्त विवरण अनुसार पालिकामा रहेको डोजर तथा ट्याक्टर देहायवमोजिम व्यक्ति तथा सस्थाले प्रयोग गरेवापत पालिकामा दाखिला गर्नुपर्ने राजश्व रकम आर्थिक वर्षको अन्त्यसम्म पनि दाखिला नभएकोले १० प्रतिशतले हुने व्याज समेत हिसाव गरी उक्त रकम सम्वन्धितवाट असुल गर्नुपर्दछ।

क्र श	विवरण	ट्याक्टर भाडा	डोजरको भाडा	कुल जम्मा
१	पाइले हिमाल मल्टीविल्डर्स प्रा लि (१३३ घण्टाको प्रतिघण्टा ४५०० का दरले)	-	५९८५००	५९८५००
२	मनिराम वुढा (११६ घण्टाको प्रतिघण्टा ४५०० का दरले डोजर र ट्याक्टरको वार्षिक भाडा)	१००००००	५२२०००	१५२२०००
	जम्मा			२१२०५००

असुल गर्नुपर्ने	२१,२०,५००

३१ प्रधानमन्त्री रोजगार कार्यक्रमः

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ९ वडामा ९योजना सञ्चालन गरी यस वर्ष २८५ जनालाई रोजगारी उपलव्धगराई रु. १,६४,०२,५८७ ।- श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन ।योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीनरोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रमसञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

३२ सामाजिक सुरक्षा

सामाजिक सुरक्षा नियमावली २०७६को नियम १३ मा सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिको मृत्यु भएमा उक्त लाभग्राहीलाई भत्ता पाउने सुचिबाट हटाई मृत्यु भएको दिनदेखि भत्ता दिन रोक्नु पर्ने व्यवस्था छ। पालिकाको मृत्यू दर्ता किताव र वैक निकासा गर्न कोष तथा लेखा नियन्त्रक कार्यालयलाई पठाएको विवरण परीक्षण गर्दा देहायका व्यक्तिको मृत्यु पश्चात समेत लगत कट्टा नगरी भत्ता निकासा गर्न कोष तथा लेखा नियन्त्रक कार्यालयलाई लेखि पठाएकोले मृत्युपश्चात वैक निकासा भए नभएको एकिन गरी प्रमाण पेश गर्नुपर्दछ। मृत्यू पश्चात वै ा क निकासा भएको अवस्थामा सम्वन्धितवाट असुल गर्नुपर्दछ।

लाभग्राहीको नाम	वडा नं	निकासा त्रैमासिक	मृत्यु मिति	निकासा हुनुपर्ने	निकासा भएको	वढी निकासा
मन वहादुर रोकाया	१	तेस्रो	२०८१।११।२८	७७३४	१२०००	४२६६
राम व वुढा	९	तेस्रो र चौथो	२०८१।१०।२	२६६	२४०००	२३७३४
						२८०००

असुल गर्नुपर्ने	२८,०००

३३ **आन्तरिक लेखापरीक्षण**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा ३३(८) मा लेखा उत्तरदायि अधिकृतले आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा समावेश भएका व्यहोरा अन्तिम लेखापरीक्षण हुनु भन्दा अगावै फछ्यौट तथा संम्परीक्षण गराई अन्तिम लेखापरीक्षक समक्ष पेश गर्नुपर्ने व्यवस्था रहेकोमा यस पालिकाले आन्तरिक लेखापरीक्षणवाट औल्याइएका निम्नानुसारका वेरुजु लेखापरीक्षण अवधिसम्म फछ्यौट नगरी पेश गरेकोले फछ्यौट गर्नुपर्दछ।

३३.१ विल भरपाईः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल भरपाई प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ। पालिकाले गापा चालुतर्फ भौचर नं ५८९ वाट विविध खर्च वापत होटल मरमरलाई रु.१०००००। र होटल रोयल एण्ड रेष्टुरेन्टलाई रु.५१०००। भुक्तानी गर्दा खर्च पुष्टी गर्ने विल भरपाई नभएकोले विलभरपाई पेश गर्नुपर्दछ।

प्रमाण पेश नगरेको	१,५१,०००

३३.२ अग्रमि करः आयकर ऐन २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा करकट्टी गर्नुपर्ने व्यवस्था रहेको छ।पालिकाले देहायको भुक्तानीमा नियमानुसार लाग्ने करकट्टी नगरी भुक्तानी गरेकोले उक्त रकम असुल गर्नुपर्दछ।

भौ नं	**विवरण**	**रकम**
१७४ संघ चालु	मदन वोहरा वैठकभत्ता नपुग पारीश्रमिक कर	१२७६५
११ गापा चालु	होटल गोल्डेन इगल होटल रोयल एण्ड रेष्टुरेन्ट	२१००
२०८ गापा चालु	ठमिन शाहि नपुग कर	१५००
२८६ गापा चालु	रितु सिंह नपुग कर	१५००
जम्म		१७८६५

असुल गर्नुपर्ने	१७,८६५

३३.३ वढी भुक्तानीः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल भरपाई प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ। पालिकाले देहायवमोजिम भौचरवाट भुक्तानी गर्दा खर्च पुष्टी गर्ने विल भरपाई नभएकोले विल भन्दा वढी भुक्तानी भएको रकम असुल गर्नुपर्दछ।

गो भौ नं	विवरण	रकम
५४ गापा पुँजिगत	भानु आ वि सिडि निर्माण उपभोक्ता समितिलाई प्राविधिक मुल्यांकन अनुसार रु.२०४४६८ भुक्तानी हुनुपर्नेमा २११५८४ भुक्तानी भएकोले वढी भुक्तानी भएको रु.७११६ दाखिला गर्नुपर्ने	७११६
७३ पुँजिगत	वडा कार्यालय मर्मत वापत २ वटा योजनाको अंगत शाहीलाई रु.१८००००। भुक्तानी गरेकोमा प्राविधिक मुल्यांकन अनुसार रु.१७२८००।भुक्तानी हुनुपर्ने भएकोले वढी भुक्तानी भएको ७२०० असुल गर्नुपर्दछ।	७२००
	जम्मा	१४३१६

असुल गर्नुपर्ने	१४,३१६

३३.४ मुल्य अभिवृद्धि कर आर्थिक ऐन २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७६।२।१६ देखिको ठेक्का वा करार सम्झौताको भुक्तानी गर्दा मु अ कर रकमको ३० प्रतिशत कट्टी गरी सम्वन्धित राजश्व शिर्षकमा दाखिला गर्नुपर्ने तथा ७० प्रतिशत रकम

सम्वन्धित फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ।कार्यालयले निम्नानुसार फर्मलाई भुक्तानी दिँदा ३० प्रतिशत मु अ कर कट्टी नगर भुक्तानी दिएकोले कर समायोजन पत्र पेश गर्नुपर्दछ।

भौ नं	**विवरण**	**मु अ कर रकम**	**३० प्रतिशत रकम**
१६२ गापा चालु	परामर्श सेवा डिपिआर अप्सरा इन्जिनियरिङ कन्सल्टेन्सी	५६९४०	१७०८२
१८९ गापा चालु	परामर्श सेवा सफ्टवेयर सञ्चालन ट्रेड वर्क ग्रुप अफ कम्पनी लि	५७१३५	१७१४०
जम्मा			३४२२२

प्रमाण पेश नगरेको	३४,२२२

३४ **खर्च भएर नजाने सामग्री खर्च भएर जानेमा राखेको**

आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ९५ मा सरकारी कार्यालयमा रहेवा खरिद गरी वा नगरी कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको सम्पति तथा जिन्सी मालसामानको विवरण र मुल्य समेत खुलाई सम्पति तथा जिन्सी कितावमा सात दिनभित्र आम्दानी बाँधी मात्र खर्च भुक्तानी गर्नुपर्ने व्यवस्था छ। कार्यालयले देहायवमोजिम सामाग्री दाखिला गर्दा खर्च भएर नजाने सामाग्रीलाई खर्च भएर जाने सामाग्रीमा वर्गिकरण गरी दाखिला प्रतिवेदन तयार गरेको छ।कार्यालयले खर्च नहुने सामाग्रीमा अद्यावधिक गराई व्यवस्थित अभिलेख राख्नुपर्दछ।

गो भौ न र मिती	भुक्तानी पाउनेको नाम	विल विजक पेश भएको पार्टी	सामाग्रीको विवरण	रकम
३९ २०८१।१२।०४	हरिचन्द्र रावल	दिनेश निर्माण समाग्री सप्लायर्स	किचने र्याक २ पिस सोफा सेट १ पिस दराज ३ पिस कुर्सी २ पिस	१०००००।००

३५ **भ्रमण खर्चः**

गो भौ न ५३ मिति २०८२।३।२५ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ कोदफा २४ मा सरकारी खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उच्चतम गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नु पर्ने व्यवस्था छ । यसरी खर्च गर्दा खर्च गर्ने अधिकारीले स्वीकृत बजेट खर्च गर्दा नियमितता मितव्ययिता कार्यदक्षता प्रभावकारीता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । त्यस्तै आर्थिक कार्यविधि तथा उत्तरदायित्व नियमावलीको नियम ४१ अनुसार कार्यालय प्रमुखले सरकारी रकम खर्च गर्नु भन्दा पहिला आवश्यकता पहिचान गरी खर्च गर्नुपर्ने स्थानमा मात्र खर्च लेख्नुपर्ने व्यवस्था गरेको छ । साथै अर्थ मन्त्रालयको सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड २०७८ मा सार्वजनिक निकाय तथा सार्वजनिक पद धारण गरेको व्यक्तिले खर्चमा मितव्ययिता कायम हुने गरी खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । यस पालिकाकाले असार मसान्तमा निम्नानुसार भ्रमण पुष्ट्याई हुने प्रमाण कागजात तथा भ्रमणको उदेश्य नखुलाई नेपालगन्ज भ्रमण गरेको देखाई भ्रमण प्रतिवेदन पेश गरकोमा समेत भ्रमण गरेको खुल्ने व्यहोरा तथा पुष्ट्याई पेश नभएकोले कार्यालयले सो सम्वन्धमा एकिन गरी खर्च पुष्ट्याई गर्ने प्रमाण कागजात पेश गर्नुपर्दछ।अन्यथा असुल गर्नुपर्दछ।

क्र स	भुक्तानी पाउनेको नाम पद	भुक्तानी भएको रकम	कैफीयत
१	उमेश रोकाय	४००००	भ्रमण विल तथा उदेश्य नखुलाई भ्रमण गरेको साधनको विल भरापाई पेश तथा भ्रमण गरेको पुष्ट्याई हुने प्रमाण बेगर खर्च ।
२	धनराज रोकाय	२५०००	भ्रमण विल तथा उदेश्य नखुलाई भ्रमण गरेको साधनको विल भरापाई पेश तथा भ्रमण गरेको पुष्ट्याई हुने प्रमाण बेगर खर्च ।
३	नवराज शाहि	२००००	भ्रमण विल तथा उदेश्य नखुलाई भ्रमण गरेको साधनको विल भरापाई पेश तथा भ्रमण गरेको पुष्ट्याई हुने प्रमाण बेगर खर्च ।
४	पुर्ण बुढा	१००००	भ्रमण विल तथा उदेश्य नखुलाई भ्रमण गरेको साधनको विल भरापाई पेश तथा भ्रमण गरेको पुष्ट्याई हुने प्रमाण बेगर खर्च ।
५	प्रकाश कुमार सिजापती	२००००	भ्रमण विल तथा उदेश्य नखुलाई भ्रमण गरेको साधनको विल भरापाई पेश तथा भ्रमण गरेको पुष्ट्याई हुने प्रमाण बेगर खर्च ।
६	प्रताप लामा	१५०००	भ्रमण विल तथा उदेश्य नखुलाई भ्रमण गरेको साधनको विल भरापाई पेश तथा भ्रमण गरेको पुष्ट्याई हुने प्रमाण बेगर खर्च ।
७	भानुभक्त उपाध्याय	२५०००	भ्रमण विल तथा उदेश्य नखुलाई भ्रमण गरेको साधनको विल भरापाई पेश तथा भ्रमण गरेको पुष्ट्याई हुने प्रमाण बेगर खर्च ।
८	योगेन्द्र बहादुर शाही	१५०००	भ्रमण विल तथा उदेश्य नखुलाई भ्रमण गरेको साधनको विल भरापाई पेश तथा भ्रमण गरेको पुष्ट्याई हुने प्रमाण बेगर खर्च ।
९	सुकबिर रोकाय	३००००	भ्रमण विल तथा उदेश्य नखुलाई भ्रमण गरेको साधनको विल भरापाई पेश तथा भ्रमण गरेको पुष्ट्याई हुने प्रमाण बेगर खर्च ।
		२०००००।००	

प्रमाण पेश नगरेको	२,००,०००

३६ दाखिला बेगर खर्च

आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ९५ मा सरकारी कार्यालयमा रहेवा खरिद गरी वा नगरी कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको सम्पति तथा जिन्सी मालसामानको विवरण र मुल्य समेत खुलाई सम्पति तथा जिन्सी कितावमा सात दिनभित्र आम्दानी बाँधी मात्र खर्च भुक्तानी गर्नुपर्ने व्यवस्था छ । यस कार्यालयले निम्नानुसार समान खरिद गरेकोमा स्टोर दाखिला गरेको नदेखिएकोले उक्त समान स्टोर दाखिला गरी प्रमाण पेश गर्नु पर्दछ अन्यथा असूल हुनुपर्दछ ।

गो भौ न र मिति	खरिद गरेको पार्टीको विल	सामानको विवरण	रकम	कैफियत
२६ २०८२।३।२२	रघुनन्दन अर्डर एण्ड सप्लायर्स	सिरक खोल १४ थान सिरानी खोल ५ थान	१४०००	डिल बहादुर रोकायलाई भुक्तानी
	त्रिदेव किराना तथा गल्ला फेन्सी स्टोर सप्लायर्स	तन्ना ९ थान पर्दा राम्रो ५० मिटर	२५०००।००	
	सुनिता स्टेशनरी ३ थान विल	सेल्फछाप लागायत स्टेशनरी सामाग्री	५१२५०।००	
	करिना स्टेशनरी एण्ड किराना पसल	कर्टेज तथा कोब्रा फाईल	२५०००।००	
	जम्मा		११५२५०।००	

प्रमाण पेश नगरेको	१,१५,२५०

३७ सुत्केरी पोषण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई तथा प्रमाण कागजात संलग्न गर्नु पर्ने व्यवस्था रहेको छ । गो.भौ.नं, १०।२०८२।३।२० सुत्केरी पोषण कोषेली कार्यक्रम अर्न्तगत पेश भएको भरपाईमाा ९० जनालाई २५०० का दरले २२५०००। भुक्तानी भएको भरपाई पेश भएकोमा ९४ जनाको रकम रु२३५००० भुक्तानी भएकोले विल भरपाई वेगर वढी भुक्तानी भएको रु१००००। सम्वन्धित व्यक्तिवाट असुल गर्नुपर्दछ।

असुल गर्नुपर्ने	१०,०००

३८ बढी तलव

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व नियमावलि २०७७ को नियम ३९(१०) अनुसार भुक्तानि दिदा रित पुगे नपुगेको एकिन गरी भुक्तानि दिनु पर्दछ। गो.भौ.न. ११५ मिति २०८२।३।१६ वाट देहायवमोजिम प्राविधिक सहायकको छुट तलबवापत रु१२०००। रकम भुक्तानी गरेकोमा उक्त तलव छुट भएको नदेखिएकोले दोहोरो पर्ने गरी भुक्तानी भएको तलव वढी भुक्तानी गरेकोले उक्त रकम असुल गर्नुपर्दछ।

क्र श	कर्मचारीकोनाम	रकम
१	रमेश रोकाय-	४०००
२	धनराज रोकाय	४०००
३	सुकबिर रोकाय	४०००
	जम्मा	१२०००

असुल गर्नुपर्ने	१२,०००

३९ लघु उद्यम विकास कार्यक्रम

गरिबि निवारणका लागि नयाँ लघु उद्यमी सिर्जना गर्ने, पुराना उद्यमीहरुको स्तरोन्नती गर्ने, लघु उद्यम गर्नको लागि तालिम प्रदान गरी प्रविधि हस्तानतरण गरी सम्भाव्य उत्पादन उत्पादकत्व वृद्धि गर्दै बजार प्रवर्द्धन र प्रतिस्पर्धि गर्ने उद्देश्यले लघु उद्यम विकास कार्यक्रम संचालन गर्न यस वर्ष रु ६२४९२६०। खर्च भएको देखिन्छ। पालिकाले उक्त कार्यक्रमबाट भएको भौतिक तथा भारित प्रगति विवरण तयार गरेको देखिएन। पालिकाले कार्यक्रम संचालनबाट भएको खर्च अनुरुप गरिबी निबारण, स्वरोजगारी सृजना, लघु उद्यमको विकास र विस्तारमा भएको उपलब्धिको मापन गरी कार्यक्रमको प्रभावकारिताको मूल्याँकन गरि निरन्तरता दिने तर्फ ध्यान दिनुपर्दछ।

४० पकेट विकास कार्यक्रम

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा बस्तु तथा सेवाको लागत अनुमान तयार गर्दा स्विकृत नर्म्स तथा जिल्ला दर रेटको आधारमा गर्नुपर्ने उल्लेख छ।।प्रधानमन्त्री कृषि आधुनिकिरण परियोजना अन्तर्गत पालिकाले यस वर्ष स्याउ पकेट विकास कार्यक्रममा २१२० स्याउ विरुवा खरिद गरी देहायवमोजिम कृषक समुहलाई भौ नं ११४।२०८२।३।१४ वाट ५० प्रतिशत अनुदानवापतको रु७१६६२५।भुक्तानी गरेकोमा स्विकृत जिल्ला दरभन्दा वढी दरमा खरिद गरी भुक्तानी गरेको छ।यसरी स्विकृत जिल्ला दरभन्दा वढी दरमा खरिद गरी भुक्तानी भएको रकम असुल गर्नुपर्दछ।

क्र.सं.	कृषक समूहको नाम	विरुवाको संख्या	भूक्तानी भएको दर	जिल्ला दर	फरक दर	वढी भुक्तानी
1.	सिद्ध बाबा स्याउ फर्म	१५०	१००	८०	२०	३०००
2.	हिमाली कृषि पशुपोल्टी जडिबुटी उद्योग	१५०	१००	८०	२०	३०००
3.	श्रृष्टि कृषि फर्म	१५०	१००	८०	२०	३०००
4.	प्रतिभा कृषि जडिबटी	१५०	१००	८०	२०	३०००
5.	थार्पा मष्ट भवानी फलफूल जडिबुटी पशु केन्द्र	१५०	१००	८०	२०	३०००
6.	राजन फलफूल तरकारी जडिबुटी तथा पशु पोल्टी फर्म	१५०	१००	८०	२०	३०००
7.	भविष्यवाणी फलफूल तरकारी तथा पोल्टी फर्म	१५०	१००	८०	२०	३०००
8.	धर्म कुमारी पशुपालन पोल्टी फर्म	१५०	१००	८०	२०	३०००
9.	सयपत्री महिला कृषक समूह	२००	१००	८०	२०	४०००
10.	एन्जिला कृषक पशु पोल्टी फलफूल नर्सरी तथा जडिबुटी फर्म	१५०	१००	८०	२०	३०००
11.	विवस फलफूल जडिबुटी तथा पशुफर्म	१४०	१००	८०	२०	२८००
12.	महेन्द्र फलफूल जडिबुटी कृषी फर्म	१४०	१००	८०	२०	२८००
13.	हिमालयन कृषि फलफूल फर्म	१४०	१००	८०	२०	२८००
14.	सरु & सिजन जडिबुटी फर्म	१५०	१००	८०	२०	३०००
15.	जम्मा	२१२०	१००	८०	२०	४२४००

असुल गर्नुपर्ने	४२,४००

४१ विल भारपाई बेगर खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल भरपाई प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ । यस पालिकाले निम्नानुसार खर्च लेखेकोमा खर्च पुष्ट्याई गर्ने विल भरपाई तथा प्रमाण कागजात पेश नगरेको रु को खर्च पुष्ट्रायई गर्ने प्रमाण कागजात पेश गर्नुपर्ने अन्यथा असूल गर्नुपर्दछ ।

गो भौ न र मिती	खर्च शिर्षक	भुक्तानी पाउने पार्टीको नाम	कामको विवरण	भुक्तानी रकम	कैफियत
२३ २०८२।३।१७	संघिय शसर्त	एड फोकस मल्टिपल विजनेश प्रा लि	सुचना प्रकासन बापत	७८३०९।००	एस सक्सेज एडभरटाईजिङ्ग प्रा लि को २ थान फोटोकपी बिल राखी एड फोकस मल्टीपल विजनेश प्रा लि लाई भुक्तानी
३५ २०८२।३।२४	संघिय शसर्त	हाईटेक हेभि ईक्युपमेण्ट प्रा लि	डझजर मर्मत बापत	५०५२०।००	मर्मत आदेश तथा चल्ती मेशिन खाता बेगर खर्च
३९ २०८२।३।२४	संघिय शसर्त	तारक शाही	नखुल्ने	१०४८३९।००	विल भरपाई तथा स्रेष्ता कागजात पेश नभएको ।
४० २०८२।३।२४	संघिय शसर्त	विभिन्न ९ जना व्यक्ती	भ्रमण तथा फिल्ड कन्टेन्जेन्सी	१७०२२४।००	विल भरपाई तथा स्रेष्ता कागजात पेश नभएको ।
७५ २०८२।३।२४	प्रदेश शसर्त पूजीगत	बारेकोट लक्ष्मण होटेल	विल बमोजिमको रकम भुक्तानी	८००००।००	विल भरपाई तथा स्रेष्ता कागजात पेश नभएको ।
६९ २०८२।३।१२	गाउँपालिका पूँजीगत	नन्द बहादुर बुढा	सानातिना मर्मत कार्य	८००००।००	विल भरापई स्रेष्ता कागजात पेश नभएको ।
७४ २०८२।३।१७	गाउँपालिका पूँजीगत	एक्सेस एडभरटाईजिङ्ग प्रा लि	विज्ञापन छपाई बापत	१६४०५४।००	विल भरापई स्रेष्ता कागजात पेश नभएको ।
३६ २०८१।११।२२	गाउँपालिका पूँजीगत	DARSHAN & DIGDARSHAN SUPPLIERS	प्रधानमन्त्री रोजगार मा म्याचिङ	३०५०००।००	विल भरपाई तथा सेष्ता कागजात पेश नभएको ।
३८ २०८१।१२।०४	गाउँपालिका पूँजीगत	दर्शन एण्ड दिग्दर्शन सप्लायर्स मुड्केचुला ७	मेशिन मर्मत	३०००००।००	मेशिन मर्मत खर्च भनि भुक्तानी गरेकोमा के मेशिन मर्मत गरेको डिटेल नखुलेको मर्मत आदेश तथा चल्ती मेशिन किताब पेश नभएकोले खुल्ने प्रमाण कागजात पेश हुनुपर्ने अन्यथा असुल गर्नुपर्ने ।
जम्मा				१३३२९४६	

प्रमाण पेश नगरेको	१३,३२,९४६

४२ गाडी खरिद

नेपाल सरकार अर्थ मन्त्रालयको सार्वजनिक खर्चलाई मितव्यीत तथा प्रभावकारी बनाउने मापदण्ड २०८१ को बुँदा न १३ (३) मा नेपाल सरकारको स्रोतबाट चारपाग्रे गाडी खरिद गर्दा नेपाल सरकार अर्थ मन्त्रालयको सहमती लिनुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले अर्थ मन्त्रालयको सहिमती बेगर यस बर्ष सिलवन्दी बोलपत्रको माध्यमबात अग्री ईन्करपोरेसन प्रा लि सँग सम्झौता गरी महिन्द्र स्कारपियो पिकअप ४ ह्वीलर गाडी रु ५०४१०००।०० मा खरिद गरेको नियम को व्यवस्था विपरित हुनुका साथै पालिकाले हाल सम्म उक्त गाडीको सरकारी नम्बर प्लेटमा दर्ता समेत गरेको छैन । पालिकाले तयार गरेको प्राविधिक स्पेसिफिकेसनको वि ओ क्यू को सि न २१ मा विक्रेताले गाडी पालिका कार्यालय सम्म डेलिभरी गर्नुपर्ने खुलाएकोमा विक्रेताले समेत सो शर्त मन्जुर गरेकोमा

विक्रेताले उक्त गाडी पालिका कार्यालय सम्म डेलिभरी नगरेको कारण पालिकाका प्रमुख प्रशासकिय अधिकृतले ढुवानी बापत १ जना ड्राईभर राखी नेपालगन्ज बाट पालिका कार्यालयस्म ल्याउन सुजन थापा लाई रु ३०५००।०० भुक्तानी गरेकोले उक्त रकम अग्री ईन्करपोरेसन प्रा लि बात असूल गर्नुका साथै सम्झौताको प्राविधिक स्पेसिफिकेसन को बुँदा न १७ मा महिन्द्रा किट्स पालिकालाई उपलब्ध गराउने भनिएकोमा उपलब्ध नगराएको कारण पालिकाले गो भौ न १३ मिती २०८१।६।१४ मा स्टाईल कार सेन्टर बाट रु १७५१५।०० को किट खरिद गरेकोले उक्त रकम समेत गरी जम्मा रु ४८०१५।०० अग्री ईन्करपोरेसन प्रा लि बाट असूल गर्नु पर्दछ

असुल गर्नुपर्ने	४८,०१५

४३ **विद्यालय अनुदानः(गो भौ न ३७, २०८२।३।२४ र ३८, २०८२।३।२४ संघिय शसर्त) :**

संघिय सशर्त अनुदान नमुना विद्यालय निकासा बापत अन्नपुर्ण मा वि लाई चमेना गृह निर्माण कार्य तथा ३ कोठे भवनमा तला थप्ने कार्यको लागी रु १ करोड अनुदान उपलब्ध गराएकोमा फाईल साथ संलग्न नापी किताब तथा उपभोक्ता समितीको विल कार्य सम्पन्न तथा प्राविधिक जाँचपाँस अनुसार उक्त दुई कार्यको लागी एकै स्थानको र एकै प्रकारको ढुङ्गाको गाह्रो लगाउने कार्य भएकोमा ३ कोठे भवनमा हम्वर ड्रेस स्टोनको लागत प्रति बर्ग मिटर रु २६१९६।१८ राखेकोमा चमेना गृहमा प्रति बर्ग मितर रु १८७५१।६६ राखेकोले ३ कोठे भवनको गाह्रोको कार्यमा ७५।२२ बर्ग मितरको प्रति बर्ग मितर बढी भुक्तानी भएको रु ७४४४।३२ का दरले बढी भुक्तानी भएको रु ५५९९६१।००० असूल गरी संघिय सन्चित कोष दाखिला हुनुपर्दछ ।

असुल गर्नुपर्ने	५,५९,९६१

४४ **प्रविधिक विल भन्दा बढी भुक्तानी (गो.भौ. नं.र मिती ३७, २०८२।३।२४ र ३८, २०८२।३।२४संघिय शसर्त) :**

संघिय सशर्त अनुदान नमुना विद्यालय निकासा बापत अन्नपुर्ण मा वि लाई चमेना गृह निर्माण कार्य तथा ३ कोठे भवनमा तला थप्ने कार्यको लागी रु १ करोड अनुदान उपलब्ध गराएकोमा फाईल साथ संलग्न नापी किताब तथा उपभोक्ता समितीको विल कार्य सम्पन्न तथा प्राविधिक जाँचपाँस अनुसार उक्त दुई कार्यको लागी क्रमश ३३३८७२५।०० र ५७९०४४३।६७ को कार्य सम्पन्न गरेकोमा उपभोक्रा समितिको अंश कटाई कन्टेन्जेन्सी रकम समेत रु ८४२८८९८।०० खुद भुक्तानी हुनुपर्नेमा रु १००००००००।०० भुक्ती भएकोले बढी भुक्तानी भएको रु १५७११०१६।०० असूल गर्नुपर्ने व्यहोरा लेखापरीक्षणको क्रममा औल्याएकोमा मिती २०८२।५।१५ मा नेपाल बैंक लिमिटेडको दाखला भौचर न ८४१८६३७ बाट रु १४९५०८९।०० असूल गरी संघिय सन्चितकोष दाखिला गरेको छ। बाँकी रु ७६९९५।०० असूल गरी संघिय सन्चित कोष दाखिला हुनुपर्दछ ।

असुल गर्नुपर्ने	७६,९९५

४५ **उपभोक्ता समितीको अग्रिम आयकर**

आयकर ऐन २०५८ को दफा ८९(३क) मा उपभोक्ता समिति मार्फत ५० लाख भन्दा बढीको कार्य गराएकोमा भुक्तानीमा १।५ प्रतिशतका दरले कर कट्टा गर्नुपर्ने व्यवस्था रहेकोमा यस पालिकाले निम्नानुसार ५० लाख भन्दा बढीको उपभोक्ता समिती मार्फत कार्य गराएकोमा न्यून कर कट्टा गरेको रु ४४६४३।५ असूल हुनु पर्दछ ।

गो भौ न र मिती	काम तथा उपभोक्ता समितीको नाम	सम्झौता रकम	भुक्तानी रकम	लाग्ने अग्रिम कर	कट्टा गरेको अग्रिम कर	न्यून अग्रिम कर
३० २०८२।२।२३ संघिय शसर्त पूँजीगत तर्फ	कालिका भोटावला देखी कालिका गाँउ सम्म सडक निर्माण उ स वडा न १, २ ,३	६७८८५७५।८२	५३७३१००।००	८०५९६।५	३५९५३।००	४४६४३।५

असुल गर्नुपर्ने	४४,६४४

४६ **फरक दरमा भुक्तानी**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स तथा दररेटको प्रयोग गर्नुपर्दछ । कार्यालयले प्रदेश शसर्त अनुदान कार्यक्रम मार्फत निम्नानुसार खन्ने पुर्ने कार्यको लागी हुनुपर्ने दर भन्दा बढी भुक्तानी

भएको रकम सम्बन्धीत उपभोक्ता समिती मार्फत असूल गर्नु पर्दछ ।

गो भौ न र मिती	आयोजनाको नाम	कामको विवरण	भएको कामको परिमाण	भुक्तानी हुनुपर्ने दर	भुक्तानी भएको दर	बढी भक्तानी दर	बढी भुक्तानी रकम
४२ २०८२।१।१५	खारागार झोलुङ्गेपुल देखी माथिल्लो घट्टसम्म ततबन्धन	Earthwork excavation work for Gabin	६१।४१	८६५।२०	१६६९।५०	८०४।३	४९३९२।००
४७ २०८२।३।१	कैलाश आधारभुत विद्यालय देखी कालि खोला सम्म ततबन्ध निर्माण उ स	Earthwork excavation work for Gabin	२०५।८७	८६५।२०	१६६९।५०	८०४।३	१६५५७३।००
	जम्मा						२१४९६५.
						असुल गर्नुपर्ने	२,१४,९६५

४७ **फरक दरमा भुक्तानी**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स तथा दररेटको प्रयोग गर्नुपर्दछ । यस पालिकाले उपभोक्ता समिती मार्फत निर्माण कार्यको लागी दर विश्लेषण गर्दा जिल्ला दररेट अनुसार ढुङ्गा खरिदको मूल्य राखेको छ । यस पालिका अन्तर्गत कुनै पनि क्रसर उघोग नरहेको र लिड पनि नजिक रहेको साथै पालिरकाले कुनै पनि ढुङ्गा गीट्टी बालुवाको रोयल्टी सङ्कन नगरेको हुँदा उक्त ढुङ्गा गिट्टी बालुवा स्थानिय स्तरमा नै सङ्कलन गरी प्रयोग गरेको देखिएकोले केही आयोजना छनौट गरी हेर्दा दर विश्लेषण स्वीकृत नर्म्स भन्दा निम्नानुसार बढी दरले भुक्तानी भएको रकम रु ७०१९४६.९५ सम्बन्धीत उपभोक्ता समिती मार्फत असूल गर्नुका साथै अन्य आयोजना तथा अन्य निर्माण समाग्री गिट्टी बालुवा को सम्बन्धमा समेत कार्यालयले एकिन गरी असूल गर्नु पर्दछ ।

क्र.सं.	आयोजनाको नाम	कामको विवरण	भूक्तानी भएको दर	भूक्तानि हुनुपर्ने दर	कामको परिमाण	फरक दर	बढी भुक्तानी रकम
१	खानिखर्क हुँदै बलाङ्ग्रा पदमार्ग	stone masonary wall (hammer dressed 1:6 mortar (upto 10 m trasnportation)	२५३८३	२२९६८	४९.८९	२४१५.००	१२०४८४.३५
		dry stone masonary wall	५७३०	५५६४	३०८.१५	१६६.४९	५१३०३.८९
		stone solling & leveling for foundation	३७७५	३६०८.५१	११६.९३	१६६.४९	१९४६७.६८
२	इला सामुदायिक भवन हरियो रूख मन्दिरको सीमा (बार) निर्माण कार्य”	stone masoneary worjks with mud motar in plinth level and superstructur	१४२९३.३४	११८७८.३४	२७.००	२४१५.००	६५२०५.००
		dry stone soling sork at basre of foundation	३७७५	३६०८.५१	८.७५	१६६.४९	१४५६.७९
		stone masonary wall (hammer dressed 1:6 mortar (upto 10 m trasnportation)	२३४२८.३६	२२९६८	६६.३५	४६०.३६	३०५४४.८९
३	पाथोहाल्ना जडिबुटि अनुसन्धान केन्द्र व्यवस्थापन वाड ५	stone masoneary worjks with mud motar in plinth level and superstructur	१४२९३.३४	११८७८.३४	४३.३४	२४१५.००	१०४६६६.१०
		dry stone soling work	३७७५	३६०८.५१	६.२०	१६६.४९	१०३२.२४
		stone masonary work with 1:6 cement sand mortar	२३४२८.३६	२२९६८	५४.००	४६०.३६	२४८५९.४४
४	होर्ता वाईन सार्मी मै भगवति क्षेत्र समुदायिनक भवन सहित पुर्वाधार निर्माण	stone masoneary worjks with mud motar in plinth level and superstructur	१२१५१.७६	११८७८.३४	५४.१३	२७३.४२	१४८००.२२
		dry stone soling work	३७७५	३६०८.५१	४.९६	१६६.४९	८२५.७९
		dry stone masonar for septic tank	५७३०	५५६३.५१	३.०५	१६६.४९	५०७.७९
५	होर्ता वाईन सार्मी मै भगवति क्षेत्र समुदायिनक भवन सहित पुर्वाधार निर्माण	stone masonary wall (hammer dressed 1:6 mortar (upto 10 m trasnportation)	२३०३९.४२	२२९६८	२५.९९	७१.४२	१८५६.२१
		dry stone masonary	५७३०.००	५५६३.५१	२१.७४	१६६.४९	३६१९.४९
६	खरगड झोलुङ्गे पुलदेखि माथिल्लो घट्टा सम्म तटवन्धन	Earthwork Excavation Work for Gabion (BMS)soil	१६६९.५	८६५.२	८१.९०	८०४.३०	६५८७२.१७
७	कैलाश आ.वि. देखि काले खोला सम्म तटवन्धन	Earthwork Excavation Work for Gabion (BMS)soil	१६६९.५	८६५.२	२४३.००	८०४.३०	१९५४४४.९०
		जम्मा					७०१९४६.९५

असुल गर्नुपर्ने	७,०१,९३९

४८ मुल्य अभिबृद्धि कर कट्टी

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(ग) बमोजिम ठेक्का सम्झौता वा करार अन्तर्गत आपूर्ति हुने वस्तु वा सेवा बापतको रकम सम्बन्धित निर्माण व्यवसायी वा आपूर्तिकर्तालाई भुक्तानी गर्ने कर रकमको ३० प्रतिशतले हुने रकम निजको नामबाट सम्बन्धित

राजस्व शीर्षकमा जम्मा गर्नुपर्ने व्यवस्था रहेको छ । मन्त्रालयले निम्नानुसार भूक्तानिमा ३० प्रतिशत रकम दाखिला गरेको नदेखिँदा उक्त रकमको मु अ कर समायोजन पेश गर्नुपर्ने

गो भौ न	भुक्तानीपाउनेको नाम	भूक्तानी रकम मू अ कर वाहेक रु	मू अ कर भूक्तानी रु	३० प्रतिशत मू अ कर रकम रु
३४ २०८१।१०।१३ प्रदेश शसर्त पूँजीगत गाप चालू ९२ र १५७	भेनस हाईड्रो एण्ढड ईलेक्ट्रिकल प्रा लि	७५००००।००	८६२८३	२५८८५
६० २०८२।३।२० प्रदेश शसर्त पूँजीगत	ह्यारिस कन्सट्रक्सन प्रा लि	९८६८४०।००	११३५३०	३४०५९
६१ २०८२।३।२०प्रदेश शसर्त पूँजीगत	हमाल निर्माण सेवा प्रा लि	३१२९६८।००	३६००५	१०८०१
६२ २०८२।३।२०प्रदेश शसर्त पूँजीगत	हमाल निर्माण सेवा प्रा लि	६८५१००।००	९७४९५	२९२४८
६९ २०८२।३।२४प्रदेश शसर्त पूँजीगत	तिला रिभर कन्सट्रक्सन	८४७४६३।००	११०२३९	३३०७१
७० २०८२।३।२४ प्रदेश शसर्त पूँजीगत	स्मृती एण्ड कम्पनी प्रा लि	९५८२३४।००	७८८१६	२३६४५
३३ २०८१।१०।१८ गाउँपालिका पूँजीगत तर्फ	जि पि आर ग्रुप अफ कन्सट्रक्सन प्रा लि	९१६०००।००	१०५३८०।५३	३१६१४
३४ २०८१।१०।१५ गाउँपालिका पूँजीगत तर्फ	जनक एण्ड कर्णाली ग्रुप प्रा लि	५८९०००।००	६७७६१।००	२०३२८
३५ २०८१।१०।१८ गाउँपालिका पूँजीगत तर्फ	मष्टो विल्डर्स	७४१०००।००	८५२४७।००	२५५७४
४२ २०८१।१२।०८	अम्बे फर्निसिङ्ग गार्डेन	२१९७८५।००	२५२८५	७५८५
	जम्मा			२४१८१०

प्रमाण पेश नगरेको	२,४१,८१०

४९ लागत अनुमान भन्दा फरक पारी कार्य गरेको

कार्यालयले मोटर बाटोको नया काम खोल्ने प्रयोनजनको लागी कम्तिमा ६ मिटरको चौडाई स्वीकृत गरी उपभोक्ता समिती मार्फत गराएको मा निम्नानुसार उपभोक्ता समितीले न्यूनतम स्वीकृत चौडाईमा काम गर्नु तथा गराउनु कार्यालयको जिम्मेवारी रहेकोमा निम्नानुसार उपभोक्ता समितिले स्वीकृत चौडाई भन्दा कुनै कुनै च्यानेजमा अत्याधिक न्यून चौडाई गरी कार्य गरेको नापी गरी उपभोक्ता समितीलाई भुक्तानी दिएको छ । जसले गर्दा उक्त सडकको उपायदेयिता तथा सदुपयोग सम्बन्धमा आश्वस्त हुन सकिएन । पालिकाले न्यूनतम स्वीकृत नर्म्स बराबरको काम गराई मात्र कार्य सम्पन्न तथा भुक्तानी दिने परिपार्टी बसाल्नु पर्दछ । यसका केही उदाहरण निम्नानुसार रहेका छन् ।

गो भौ न र मिती	कामको विवरण तथा उपभोक्ता समितीको नाम	नापी किताब अनुसार च्यानेज वाईज चौडाई
	प्रदेश शसर्त अनुदान तर्फ	
४३ २०८२।१।१९	नर्कू पातिहाल्ना सडक निर्माण उ स	६.९ मिटर देखी २. ५ मिटर चौडाई
४४ २०८२।१।१९	चुम्ली निसाउनी कालिका मन्दिर सडक निर्माण उ स वडा न ३	६.७ मिटर देखी १ मिटर चौडाई
४६ २९०८२।१।३१	नर्कु देखि सुर सडक निर्माण उ स वडा न ६	६.५ मिटर देखी १ मिटर चौडाई
५२ २०८२।३।१७	नमूना टोल हुँदै कालिका मन्दिर सडक निर्माण वडा न २	१०।४० मिटर देखी ३ मिटर चौडाई
३९ २०८१।१२।२९	भालु नैनी सडक निरेमाण उ स	६ मिटर देखी ३ मिटर चौडाई
६७ २०८२।३।२३	मुलबारा पतिहाल्ना सडक निर्माण उ स	६.३० मिटर देखी २.५ मिटर चौडाई

५० **प्रदेश सशर्त पूँजिगत**

काम पुरा नगरी खर्च : गो भौ न ७३ २०८२।३।२४ कार्यालयले प्रदेश शसर्त अन्तर्गको बजेटको रकम तोकिएको शर्त अनुसार मात्र खर्च गर्न सकिने व्यवस्था रहेको छ।पालिकाले कर्णाली प्रदेश मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत खेलकुद काभर्डहल पुन निर्माण उ स को श्रम ५० प्रतिशत र समाग्री ५० प्रतिशतको काम गर्नुपर्ने व्यवस्था रहेकोमा समाग्री खरिदको विल रु ९४४५२९।०० भुक्तानी गरेकोमा श्रमको कार्य भएको नदेखिएकोले उक्त रकम कार्य सम्पन्न नगरी समाग्रीको मात्र खर्च गरेको रकम नियम सम्मत देखिएन ।

अनियमित भएको	९,४४,५२९

५१ **उपभोक्ता समितीको कार्य निर्माण व्यवसायी बाट गराएको**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१०) अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैंले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्याक्टरबाट गराउन नमिल्ने व्यवस्था छ ।त्यस्तै उपनियम १३(क) मा उपभोक्ता समितिले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समितिसँग भएको सम्झौता रद्ध गरी त्यस्तो उपभोक्ता समितिलाई भविष्यमा त्यस्तो किसिमको कुनै काम गर्न नदिने अभिलेख राखी सो काम गर्ने निर्माण व्यवसायीलाई कालो सूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट निम्नानुसार उपभोक्ता समितिले आफुले पाएको काम निर्माण व्यवसायी बाट कार्य गराई उक्त निर्माण व्यवसायीको को कर बिजक संलग्न गरी रु ३२६८३४६५।०० खर्च गरेको छ । साथै उपभोक्ता समितीलाई मर्मत सम्भारको जिम्मेवारी हस्तान्तरण नगरेको र वारेण्टी लिनुपर्ने सामानमा वारेण्टी समेत नलिएकोले नियमको व्यवस्था कार्यान्वयन गरिनुपर्दछ । यसरी उपभोक्ता समितिले पाएको काम आफुले नगरी निर्माण व्यवसायी मार्फत गराउने कार्यमा सुधार गर्नुपर्दछ ।

गो भौ न र मिती	कामको विवरण तथा उपभोक्ता समितीको नाम	भुक्तानी रकम	काम गराएको निर्माण व्यवसायीको नाम
	संघिय शसर्त अनुदान तर्फ		
१५ २०८२।१।३१	देउहारा पार्कमा सडक निर्माण उ स वडा न ४	२७७४२२९।००	दर्शन एण्ड दिग्दर्शन निर्माण सेवा विजक न १०
१९ २०८२।२।२९	दमकोट देखी कुम्देनीसम्म सडक निर्माण उ स वडा न ४	५१९२५४०।००	श्री कालिका स्टेशनरी अर्डर एण्ड सप्लायर्स कालिका कन्स्ट्रक्सन सेवा विजक न ७
३० २०८२।२।२३	कालिका भोटावला देखी कालिका गाँउ सम्म सडक निर्माण उ स वडा न १, २ ,३	५३७३१००।००	दर्शन एण्ड दिग्दर्शन निर्माण सेवा विजक न १० जेसिप ईन्जिनियरीङ्ग प्रा लि र मुडेकेचुला किराना पसल
	प्रदेश शसर्त अनुदान तर्फ		
४३ २०८२।१।१९	नर्कू पातिहाल्ना सडक निर्माण उ स	३६८७६८५।००	दर्शन एण्ड दिग्दर्शन निर्माण सेवा विजक न ७
४४ २०८२।१।१९	चुम्ली निसाउनी कालिका मन्दिर सडक निर्माण उ स वडा न ३	३६७१४६०।००	दर्शन एण्ड दिग्दर्शन निर्माण सेवा विजक न ८
४६ २९०८२।१।३१	नर्कु देखि सुर सडक निर्माण उ स वडा न ६	३६६९४८६।००	दर्शन एण्ड दिग्दर्शन निर्माण सेवा विजक न ९
५२ २०८२।३।१७	नमूना टोल हुँदै कालिका मन्दिर सडक निर्माण वडा न २	२५९५८४०।००	श्री कालिका स्टेशनरी अर्डर एण्ड सप्लायर्स कालिका कन्स्ट्रक्सन सेवा विजक न ८
३९ २०८१।१२।२९	भालु नैनी सडक निरेमाण उ स	२१७६८५३।००	डी वि सि कन्सट्रक्सन प्रा लि नेपालगन्ज विजक न २ बाट भुक्तानी सक्कल कर विजक समेत पेश नभएकोले मू अ कर समायोजन पत्र समेत पेश हुनुपर्ने ।
६६ २०८२।३।२३	खौला देखि नाउला धारा सम्म सडक निर्माण उ स	८६४२७२।००	दर्शन एण्ड दिग्दर्शन निर्माण सेवा विजक न १६
६७ २०८२।३।२३	मुलबारा पतिहाल्ना सडक निर्माण उ स	२६७८०००।००	दर्शन एण्ड दिग्दर्शन निर्माण सेवा विजक न १७
	जम्मा	३२६८३४६५।००	

५२ **अमानतबाट काम**

सार्वजनिक खरिद नियमावली सार्वजनिक खरिद नियमावली,२०६४को नियम ९८ मा सार्वजनिक निकायले एक तह माथिको स्वीकृती लिई रु १ लाख सम्मको कार्य अमातबाट गर्न सकिने व्यवस्था रहेको छ । यस कार्यालयले एक तहको स्वीकृती बेगर निम्नानुसार कार्य अमानतवाट गराएको छ। साथै सोही नियमावलीको नियम ११२ बमोजिम सामाग्री खरिदमा जडानको समेत नापी किताब तथा प्राविधिक विल राखी मात्र यस्तो खर्च गर्ने परिपार्टी बसाल्नु पर्दछ ।

गो.भौ.नं.	मिति	कारोबार कामको विवरण	भुक्तनि पाउनेको नाम	रकम
४३	२०८१।१२।०५	वडा नं. ५को वडाकार्यालाय भवन हाल हुरीरले क्षती २०८१।१।१९ किन क्षति भएको र २।१६मा पुन निर्माणसम्पन्न (ज्याला वापत तथा खाजा बिल राखी) तथा सुर आधारभूत स्वास्थ्य चौकि मर्मत	दिप कुमार शाहि	१७८०००
५८	२०८२।३।५	सानातिना मर्मत तथा विपद व्यवस्थपन रकम लाई भुक्तानिवडा ९	मान बहादुर सार्कि	१८००००।
५९	२०८२।३।५	सार्वजनिक धारा निर्माण वडा नं. ९	मान बहादुर सार्कि	९९०००
६०	२०८२।३।५	कालिका स्वास्थ्य चौकि धारा निर्माण	देव बहादुर खत्री	६०१४०
६१	२०८२।३।५	धुपि धारा हुदै पनेरागोरेटो ३३२६६ ।पनेरो पोखारी ६२३६६। लइगाउ गोरेटो ६००२६।	विष्णु प्रसाद थारु	९७०००
६२	२०८२।३।५	क्रियापुत्रि आवासधर्मशाला भवन निर्माण	विष्णु प्रसाद थारु	९९०७२
६३	२०८२।३।५	वडा कार्यालय ढोकामर्मत	विष्णु प्रसाद थारु	१५०८०
६४	२०८२।३।११	वडा कार्यालय जानेबाटो मर्मत	मान बहादुर सार्कि	१०००००
६६	२०८२।३।७	नवज्योति आ.वि.आधारभूत स्वास्थ्य चौकि	स्वास्तिका अधिकारी	९४११२
६७	२०८२।३।१२	रताने पानी मर्मत मारे घोपानि मर्मत वडा ३	स्वास्तिका अधिकारी	८४५८२
७२	२०८२।३।१२	वडा कार्यालय फल्डनिर्माण	मेहस सिह ठकुरी	९६०००
७३	२०८२।३।१६	तिर्तुमा काण्युलमर्मत तथा रताचु मारी तिसाम हुदै पापत सम्म घो.बा.	अंगत	१८००००
७५	२०८२।३।१७	माने खाने पानिनिर्माण तथा मर्मत वडा नं. १	विष्णु प्रसाद थापा	५४३४५
७६	२०८२।३।१५	घुम्ति निर्माण वडानं.७ ८५६३९	नन्द बहादुर बुढा	८५६३९
७८	२०८२।३।१९	वडा नं.२ मोटगाउ धारा गोरेटो निर्माण	हेमराज वि.क.	५०१९०
८३	२०८२।३।२४	वडा नं. ७ माप्रतिक्षालय तथा वडा स्टोर निर्माण	कमल ठकुल्ला	१८००००
८५	२०८२।३।२४	वडा नं. ६ मा आरे गहिरहुदै काध सम्म बाटो मर्मत	लंक बहादुर	१०००००
८४	२०८२।३।२४	नर्कु देखि राइगाडसम्म घो.बा.र काठरतोलि देखि नर्कु	जनक बहादुर खड्का	१०००००

८६	२०८२।३।२४	घटेखोला हुदै अधेरीखोला	अंगत शाही	५००००
६१	२०८२।३।१२	डोर हाजिरी फारम भरी	गोर्ख रोकाय	५००००
४७	२०८२।२।१४	वडा नं.६ मा नर्कु मासडक निर्माण पाइप खरिद	जनक बहादुर सिंह	१०२०००
४९	२०८२।२।२८	वडा नं.८मा धारानिर्माण	नन्द बहादुर बुढा (वडा सचिव)	१०००००
५०	२०८२।२।२९	वडा नं. २ मा खानेपानीधारा मर्मत	हिरा देवि शाहि	१०००००
५१	२०८२।२।२९	वडा नं. ३ मा खानेपानीधारा मर्मत	स्वस्तिका अधिकारी	१०००००
५२	२०८२।२।१८	वडा नं. ८ मा कार्यालयमर्मत	नन्द बहादुर बुढा (वडा सचिव)	१०००००

५३ **मौर्य भालु सर्मु सडक निर्माण**

ठेक्का नं ०१।२०८१।८२ मौर्य भालु सर्मु सडक निर्माण कार्य २०८२।३।१० मा सम्पन्न गर्ने गरी पाइले हिमाल मल्टी विल्डर्स प्रा लि संग २०८१।९।१७ मा कवोल अंक रु.७३२३००४। मा सम्झौता गरेकोमा यस वर्ष दोस्रो रनिङ विल सम्म रु.४२५४९३१।को कार्य गरी भुक्तानी भएको छ । यस सम्वन्धमा निम्नानुसार देखिएको छ।

५३.१ लागत अनुमानः सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६ मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्विकृत नर्म्स तथा जिल्ला दररेटको आधारमा गर्नुपर्ने उल्लेख छ।कार्यालयले कुल १० किलोमिटर सडक मर्मत कार्यको लागि रु.१९९०६२९९। को लागत अनुमान तयार गरेकोमा निर्माण कार्यको दर विश्लेषणमा दक्ष कामदारको ज्याला मा अदक्ष कामदर र अदक्ष कामदारको ज्यालामा दक्ष कामदारको ज्याला प्रयोग गरी लागत अनुमान तयार गरेको छ।यसरी फरक दर प्रयोग गर्दा २४२ घनमिटर ढुंगाको गाह्रोको काममा रु.२५४०३५। को वढी लागत अनुमान गरिएको छ भने पालिकावाट लेखापरीक्षणको क्रममा सच्याएर तयार गरेको समग्र लागत अनुमान अनुसार रु.१७४८२६। वढी देखिन्छ।कार्यालयले स्विकृत दर अनुसार वास्तविक लागत अनुमान तयार गरी खरिद कार्य गराउनुपर्दछ।

५३.२ रित पुर्वकको कर विजकः मुल्य अभिवृद्धि कर नियमावलीको २०५३ को नियम १७ मा मुल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिले अन्यथा स्विकृत गरेकोमा वाहेक अनुसुचि ५ वमोजिमको ढाँचामा कर विजक जारी गर्नुपर्ने उल्लेख छ।कार्यालयले निर्माण व्यवसायिलाई प्रथम रनिङ विल वापत रु.१८१०९१२।भुक्तानी गरेकोमा मु अ कर विजकमा विजक नं २ हातले लेखि पेश गरेको हुनाले स्विकृत ढाँचा विपरितको विजकवाट भुक्तानी भएको मुल्य अभिवृद्धि कर समायोजन पत्र पेश गर्नुपर्दछ।

प्रमाण पेश नगरेको	२,०८,३३५

५३.३ म्याद थपः सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० मा खरिद सम्झौतावमोजिमको काम त्यस्तो सम्झौताको अवधिभित्र पुरा गर्न नसकिने भएमा सम्वन्धित निर्माण व्यवसायि आपुर्तीकर्ता वा सेवाप्रदायकले कारण खुलाई खरिद सम्झौताको अवधिभन्दा २१ दिन अगावै संशोधित कार्यतालिका सहित आवश्यक प्रमाण कागजात संलग्न गरी सम्वन्धित सार्वजनिक निकायमा अवधि थपको लागि निवेदन दिनुपर्ने र निवेदन प्राप्त पश्चात अधिकार प्राप्त अधिकारीले सो सम्वन्धमा जाँचवुझ गरी म्याद थप गर्न सक्ने व्यवस्था रहेको छ।

सडक निर्माण कार्यको दोस्रो रनिङ विलसम्म ५८.१० प्रतिशत कार्य सम्पन्न भएको र २०८२।३।१० मा म्याद समाप्त भएकोमा म्याद थप समेत भएको छैन।कार्यालयले खरिद नियमावली तथा सम्झौताका शर्त अनुसार खरिद सम्झौताको कार्यान्वयन गराउनुपर्दछ।

५४ शिर्षक फरक पारी खर्च

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(१) वमोजिम कार्यालय प्रमुखले सरकारी रकम खर्च गर्दा वजेट तथा कार्यक्रमको सिमाभित्र रही खर्च गर्नुपर्ने व्यवस्था छ भने एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या,२०७४ मा विनियोजित वजेट सम्वन्धित खर्च शिर्षकमा गर्नुपर्ने उल्लेख छ।नमुना छनौटको आधारमा परीक्षण गर्दा पालिकाले तपसिल वमोजिमको रु.२३६०२१५। शिर्षक फरक पारि खर्च लेखेको छ। अत विनियोजित वजेट खर्च गर्दा सम्वन्धित शिर्षकमा खर्च गरी वजेट अनुशासन कायम गर्नुपर्दछ।

भौ नं	कायम खर्च शिर्षक	खर्च गरेको शिर्षकको।कार्यक्रम	खर्च रकम
५४७।२०८२।३।१७	सुचना प्रणाली तथा सफ्ट्वेयर सञ्चालन खर्च	छपाई	५०००००
५४७।२०८२।३।१७	सहकारी क्षेत्र प्रर्वद्धन	छपाई	१५००००
५६९।२०८२।३।१९	फिल्ड भत्ता	विविध खर्च	६००००
६०६।२०८२।३।२४	कर्मचारी प्रोत्साहन तथा पुरस्कार	पञ्जिकरण तालिम	१०००००
६१२।२०८२।३।२४	इन्टरनेट खर्च	सुचना छपाई	५००००
गापा पुँजितर्फ १८। २०८१।६।१६	सुस्वा कर्मचारीको तलव चालु खर्च तर्फ हुनुपर्नेमा पुँजिगत शिर्षकवाट खर्च		१७३५२०
६०।२०८२।३।५	सुस्वा कर्मचारीको तलव चालु खर्च तर्फ हुनुपर्नेमा कालिका स्वास्थ्य चौकिमा खानेपानी धारा निर्माण शिर्षकवाट खर्च		६०१४०
६८।२०८२।३।१२	सुस्वा कर्मचारीको तलववाट सोमै वर्थिङ सेन्टरको लागि प्लासेन्टा पिठ निर्माणमा खर्च		९६२४२
८१।०८२।३।२०	सु समाचार मण्डली वडा नं ४ शिर्षकवाट सोमै वर्थिङ सेन्टरको लागि प्लासेन्टा पिठ निर्माणमा खर्च		४००००
८३।०८२।३।२०	वडा कार्यालयको फिल्ड निर्माण वाट कुण्डेली देखि लरेन सम्म घोरेटो वाटो निर्माण		३००००
29,२०८१।६।१३	पारिश्रमिक पदाधिकारी तथा बैठक भत्ता	भाद्र र असोज महिनाको करार कर्मचारीको तलब	१०१७१२३
४३,2081।६।१७	मसलन्द तथा कार्यालय सामाग्री	सवारी मर्मत	८३१९०
जम्मा			२३६०२१५

५५ परामर्श सेवा खरिद

पालिकाले यस वर्ष देहायवमोजिम परामर्श सेवा खरिद गरेको छ।सो सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन।

भौ नं	विवरण	रकम
५४७।२०८२।३।१७	भिलेज प्रोफाइल डिजाइन	४८५९००
५६५।२०८२।३।१९	वेरुजु सफ्टवेयर निर्माण तथा खरिद	४९७२००
कार्यसञ्चालन कोष २।२०८१।९।२९	सहिद पार्क डि पि आर	४८५०००
३।२०८१।९।२९	मौरे भालु सर्मि सडक विस्तृत परियोजना प्रतिवेदन तयार	९७८०००
४।२०८१।१०।२	आन्तरिक लेखापरीक्षण निर्देशिका तयारी	४३५०००

५५.१ **वेरुजु सफ्टवेयरः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ तथा नियमावली २०७७ वमोजिम अन्तिम लेखापरीक्षण गर्ने तथा लेखापरीक्षणवाट देखिएको वेरुजुको लगत राख्ने सम्वन्धमा महालेखापरीक्षकको कार्यालयलाई जिम्मेवारी तोकिएको सोहिवमोजिम लेखापरीक्षण तथा संम्परीक्षण र सोको अभिलेख राख्न नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली तयार गरी कार्यालयलाई समेत सोको युजर पासवर्ड दिइसकेको अवस्थामा पुन वेरुजु सफ्टवेयर वनाई रु.४९७२००। पालिकालाई थप व्ययभार पारेको छ ।साथै मुल्य अभिवृद्धि कर नियमावली अनुसार ३० प्रतिशत मु अ कर समेत कट्टी नगरी भुक्तानी गरेकोले कर समायोजन पत्र समेत पेश गर्नुपर्दछ।

अनियमित भएको	४,९७,२००

५५.२ **लागत अनुमानको आधार नभएकोः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा परामर्शदाताको लागत अनुमान तयार गर्नुपर्ने, जसमा लागत अनुमान तयार गर्दा मन्त्रालयले तयार पारेको नर्म्स, गत वर्षको नर्म्स, सोही प्रकृतिको कार्य गर्ने अन्य निकाय आदिले तयार पारेको नर्म्स आदि कुरालाई आधार वनाई लागत अनुमान तयार पार्नुपर्ने उल्लेख छ । यस पालिकाले उपर्युक्त उल्लेख भए अनुसारका कार्य गर्दा लागत अनुमान तयार नगरी सोझै ३ फर्मवाट दररेट माग गरी एक फर्मलाइ छनोट गरेको छ । नियमावलीमा भएको व्यवस्थाको पालना नगरी लागत अनुमान तयार गरी भुक्तानी गर्नुपर्दछ। यसमा आगामी दिनमा सुधार गर्नुपर्दछ।

५५.३ माथि उल्लेखित डिपिआरको विभिन्न चरणमा प्राप्त हुने इन्स्पेक्सन रिपोर्ट, ड्राफ्ट रिपोर्ट आदी तयार नगरी छलफल तथा प्राविधिकको मुल्यांकन वेगर अन्तिम प्रतिवेदन तयार गरेको आधारमा रकम भुक्तानी भएको छ । परामर्शदाताले तयार गरेको रिपोर्टको प्राविधिक मुल्यांकन नै नगरी डिपिआरलाइ स्वीकार गर्दा कार्यान्वियनमा सहजता नहुने हुँदा पालिकाले मुल्यांकन गरेर मात्र अन्तिम रिपोर्ट तयार गर्नुपर्दछ।

५५.४ सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी वनाउने मापदण्ड २०८१ को वुँदा नं २२ मा ऐन नियम विनियम कार्यविधि मापदण्ड दिग्दर्शन र निर्देशिका लगायतका नीतिगत दस्तावेजको मस्यौदा तर्जुमा गर्ने कार्य परामर्श सेवावाट गराउन पाइने छैन भन्ने उल्लेख छ। पालिकाले आफ्नो छुट्टै मापदण्ड तयार नगरी आन्तरिक लेखापरीक्षण निर्देशिका तयार गरी ए टु जेड रिसर्च एण्ड डेभलपमेन्ट प्रा लि लाई ४३५०००। खर्च गरेको छ। पालिकाले यस्तो खर्चमा नियन्त्रण गर्नु पर्दछ ।

५६ **कार्यसञ्चालन कोषतर्फ**

उपभोक्ता समितिलाई देहायबमोजिम वढी भुक्तानी भएको रकम असुल गर्नुपर्दछ ।

५६.१ सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा सार्वजनिक निकायले रनिङ विल वा विजकको भुक्तानी गर्दा नापि कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनका आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ। कार्यालयले जिमिचौर जगदुल्ला खोला वेलिवृज निर्माण कार्यको लागि उपभोक्ता समितिसंग सम्झौता गरी कार्य गरेकोमा कुल कार्य रु.२९९३५११।१८ मा उपभोक्ता अंश रु. ५९८७०२।, कन्टिन्जेन्सी रु.११९७४०। र पेश्की रु.१२६३६१२। कट्टी गरी वाँकि रु.१०११४५५। भुक्तानी गर्नुपर्नेमा रु.१०३५३८७। भुक्तानी गरेकोले वढी भुक्तानी भएको रु.२३९३२। सम्वन्धित उपभोक्ता समितीवाट असुल गर्नुपर्दछ।

असुल गर्नुपर्ने	२३,९३२

५६.२ सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा सार्वजनिक निकायले रनिङ विल वा विजकको भुक्तानी गर्दा नापि कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनका आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ। कार्यालयले नुनेगाढ वेलिवृज जग निर्माण कार्यको लागि उपभोक्ता समितिसंग सम्झौता गरी कार्य गरेकोमा कुल कार्य रु.१८२१५८०।७७ मा उपभोक्ता अंश रु. ४५५३९५।१९, कन्टिन्जेन्सी रु.९१०७९।०४ र पेश्की रु.१०४४५९१।७७ कट्टी गरी वाँकि रु.६८५९१०। भुक्तानी गर्नुपर्नेमा रु.७९६०००। भुक्तानी गरेकोले वढी भुक्तानी भएको रु.११००९०। सम्वन्धित उपभोक्ता समितीवाट असुल गर्नुपर्दछ।

असुल गर्नुपर्ने	१,१०,०९०

५७ **पुँजिगत तर्फ**

ठेक्का नं १०।२०८०।८१ गाउँपालिकाको प्रशासकिय भवन निर्माण कार्य २०८३।६।१० मा सम्पन्न गर्ने गर्ने गरी गुठिचौर डोल्पा हिराचन सिद्धिविनायक जे भि संग २०८१।६।१० मा कवोल अंक रु.९५५०१०९५।५३ मा सम्झौता गरेको छ । यस सम्वन्धमा निम्नानुसार देखिएको छ।

५७.१ योग्यताका आधार र वोलपत्र मुल्यांकनः सार्वजनिक खरिद नियमावली २०६४ को नियम २६(२ग) मा सार्वजनिक निकायले निर्माण कार्यको योग्यताको आधार निर्धारण गर्दा गुणस्तर कायम गर्न आवश्यक आधारहरु तय भएको, प्रतिष्पर्धा सिमित नहुने सुनिश्चितता गरिएको, वजारमा प्रतिष्पर्धीको उपस्थितीको लेखाजोखा भएको र कानुनले प्रत्याभुत गरेको संरक्षणको प्रतिकुल नभएको सुनिश्चितता गर्नुपर्ने उल्लेख छ।पालिकाले प्रशासकिय भवन निर्माण कार्य गर्न रु.११७४२८९२०। को लागत अनुमान तयार गरी वोलपत्र आह्वावन गरेकोमा वोलपत्रदाताको मुख्य निर्माण कार्यको अनुभवमा Ashlar stone masonry को कार्य नभएको उल्लेख गरी ४ वोलपत्रदातामध्ये ३ वोलपत्रदातालाई प्राविधिक मुल्यांकनवाट अगाडी वढाएको छैन। निर्माण कार्यमा अस्लार स्टोन मेसिनरीको कार्य ६३८ घनमिटर रहेकोमा कार्यालयले सोहि कार्यलाई मुल्यांकनको मुख्य आधार वनाई ३ वोलपत्रदाताको आर्थिक प्रस्ताव नखोली उक्त कार्यमा उर्तिर्ण भएको एकमात्र वोलपत्रदाताको आर्थिक प्रस्ताव खोलि सम्झौता गरेको छ।कार्यालयले खरिद कार्यको योग्यताको आधार तयार गर्दा नियमावलीवमोजिम प्रतिष्पर्धा सिमित नहुने गरी वजारको समेत लेखाजोखा गरी खरिद व्यवस्थापन गर्नुपर्दछ।

५७.२ पेश्कीः कार्यालय निर्माण व्यवसायि विच भएको खरिद सम्झौताको एस सि सि मा जिसिसि ५७ मा खरिद सम्झौता भए पश्चात प्रथम किस्तामा १० प्रतिशत पेश्की प्रदान गर्ने र निर्माण कार्यको १० प्रतिशत प्रगती पश्चात मात्र थप १० प्रतिशत पेश्की दिने उल्लेख छ। कार्यालयले सम्झौता पश्चात निर्माण व्यवसायिलाई भौ नं २५।२०८१।६।२३ र २७।२०८१।८।६ वाट एकमुष्ठ २० प्रतिशत पेश्की वापत रु. १७००००००। पेश्की प्रदान गरेको देखिन्छ।कार्यालयले खरिद सम्झौताको पालना गरी पेश्की व्यवस्थापन गर्नुपर्दछ।

५८ **पेश्की वाँकि**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ५०(३) मा सार्वजनिक निकायले व्यक्ति फर्म सस्था वा कम्पनीलाई दिइने पेश्की सम्झौताको शर्त वाहेक चालु आर्थिक वर्षको अन्त्यसम्ममा फछ्यौट गरिसक्ने गरी पेश्की प्रदान गर्ने उल्लेख छ। कार्यालयले देहायवमोजिम उपभोक्त समितीलाई प्रदान गरेको पेश्की रु ४३०५००।०० आर्थिक वर्षको अन्त्य सम्म फछ्यौट नभएकोले म्याद नाधेको पेश्की नियमानुसार असूल फछ्यौट गर्नुपर्दछ।

क्र स	मिति	गो भौ नं	विवरण	पेश्की पाउने	रकम	
					म्याद सकिएको	म्याद नसकिएको
१	०८/१०/२०८१	१३८	कर्मचारीको बैठक भत्ता	बिष्णु बहादुर शाही	२००००	
२	१०/१४/२०८१	२५२	मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च	स्मारिका एण्ड अस्मिता सप्लायर्स	४००००	
३	०६/१७/२०८१	६	मुलबारा पातिहाल्ना सडक निर्माण मुड्केचुला गाउँपालिका वडा नं २	मुल बारा पातिहाल्ना सडक निर्माण	१०५००००	
४	०६/२३/२०८१	२५	पालिकाको प्रशासनिक भवन निर्माण योजना	गुठीचौर डोल्पा हिराचन सिद्दी विनायक जे. भी		१७००००००
	कार्यसञ्चालन कोषतर्फ					
५	१२/०६/२०८१	१२	दुमचौर बेलिब्रिज जग निर्माण उ स	दुमचउर बेलि ब्रिज जग निर्माण उ स	१४७००००	
६	१२/०६/२०८१	१३	फेदीखोला बेलिब्रिज निर्माण उ स	फेदिखोला बेलि ब्रिज जग निर्माण उ स	१०२५०००	
७	१२/१५/२०८१	१४	खाद्दु बेलिब्रिज नि उ स	खाद्दु बेलिब्रिज नि उ स	७०००००	
	जम्मा				४३०५०००	१७००००००

पेश्की	४३,०५,०००

५९ क्यालेण्डर छपाई

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ ।कार्यालयको आफ्नो आन्तरिक आय न्यून रहेकोमा टेवल क्यालेण्डर १००० प्रति र भित्ते पात्रो ७०० प्रति छपाई गरी रु.६५९१२९। खर्च लेखेको छ। पालिकास्थित ९ वटा वडा कार्यालय र १० स्वास्थ्य सस्था र पालिका कार्यालय समेत गरी २० कार्यालय रहेकोमा १७०० प्रति क्यालेण्डर छपाई गरेको छ। पालिकाले खर्च गर्दा आवश्यकता र औचित्यताका आधारमा मितव्ययी रुपमा खर्च लेखाङ्कन गर्नुपर्दछ।

६० वढी भुक्तानी

मुड्केचुला गाउँपालिका कार्यसञ्चलान निर्देशिका २०८० को परिच्छेद ७ मा तालिम गोष्ठी सेमिनार सञ्चालन गर्दा प्रशिक्षक तथा कार्यपत्र प्रस्तुतकर्ताले दैनिक दुई सेसनको भुक्तानी लिन सक्ने उल्लेख छ। पालिकाले २०८१।८।२ देखि ४ सम्म ३ दिन विपद्को समयमा REAL कार्यान्वयनका लागि अभिमुखिकरण कार्यक्रम सञ्चालन गरि रमेश वहादुर खड्का लाई भौ नं २४।२०८१।८।१७ वाट रु. २०००००। भुक्तानी गरेकोमा दैनिक ४ सेसनका दरले १२ सेसनको १४००। का दरले १६८०० प्रशिक्षक भत्ता भुक्तानी भएको छ। निर्देशिका अनुसार एक व्यक्तिले दैनिक २ सेसनका दरले ६ वटा सेसनको मात्र रमेश वहादुर खड्का लाई भुक्तानी हुनुपर्नेमा १२ सेसनको भुक्तानी भएकोले वढी भुक्तानी भएको रु.८४००। सम्बन्धितबाट असुल गरी सञ्चित कोष दाखिला गर्नुपर्दछ।

असुल गर्नुपर्ने	८,४००

६१ विविध खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष राजश्व बाँडफाट अन्तर्गत विविध शिर्षकवाट रु. ४९ लाख ५३ हजार खर्च गरेको छ। त्यस प्रकारको खर्च विभिन्न वडा कार्यालय तथा पालिकामा विषयगत शाखाका कार्यक्रममा भएको पालिकाले

जानकारी गराएको छ।।यस्तो प्रवृत्तिमा नियन्त्रण गरी खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।नमुना छनौटका आधारमा परीक्षण गर्दा देखिएका केहि उदाहरण निम्न छन

गोश्वारा भौचर मिति	विवरण	भुक्तानी पाउने	रकम रु
५७४।२०८२।३।१९	अतिथी सत्कार खर्च	ठमिन शाहि	६५००००
५८९।२०८२।३।२१	विभिन्न भुक्तानी	होटल मरमर र होटल रोयल एण्ड रेष्ट्रेन्ट	१४८५००
६०८।२०८२।३।२४	विविध खर्च	भगवती झाक्रिलाई भुक्तानी	५००००
५५८।२०८२।३।१९	विविध खर्च	विभिन्न	३७५०००
३६०।२०८१।१२।२६	विविध खर्च	तुलसी मनि केसि	९००००

६२ **औषधि खरिद**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११ मालसामन खरिदको लागत अनुमान र नियम १४ मा लागत अनुमानको स्विकृती सम्वन्धि व्यवस्था रहेको छ।कार्यालयले यस वर्ष गाउँपालिका तथा संघिय सर्शत अनुदानवाट विभिन्न सप्लायर्सवाट रु.२५०११८०।को फस्ट एड सामाग्री, सर्जिकल सामाग्री र औषधि खरिद गरेको छ।कार्यालयले औषधि खरिद गर्दा सार्वजनिक खरिद ऐन तथा नियमावलीवमोजिम लागत अनुमान तयार नगरी विभिन्न सप्लायर्सवाट दररेट माग गरी न्युनतम दररेट कवोल गर्ने सप्लायर्सवाट खरिद गरेको छ।कार्यालयले सार्वजनिक खरिद नियमावलीवमोजिम तोकिएको रकम भन्दा वढी रकमको खरिद कार्य गर्दा वोलपत्रको माध्यमवाट खरिद गर्नुपर्दछ।

६३ **राहत तथा सहयोग**

सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा सरकारको बार्षिक कार्यक्रममा परेका बाहेक कुनै पनि सरकारी तथा गैरसरकारी संस्थालाई आर्थिक सहायता र अनुदान नदिने, तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता तथा औषधी उपचार खर्च वापत आर्थिक प्रदान गर्ने, यस्तो सहायता पाउने व्यक्ति तथा संस्थाको अभिलेख राखी एउटै व्यक्ति वा संस्थालाई दोहोरो सहायता उपलव्ध गराउन नहुने व्यवस्था उल्लेख छ।साथै उपरोक्त व्यवस्था प्रदेश सरकार तथा स्थानीय तहका सवै कार्यालयहरु, सवै पदाधिकारी एंव कर्मचारीहरुले पालना गर्नुपर्ने उक्त मार्गदर्शनमा उल्लेख छ।पालिकाको वित्तीय समानीकरण चालुको नमुना छनौटको आधारमा परीक्षण गर्दा कडा रोग लागेका विरामिको लागि आर्थिक साहयता शिर्षकवाट रु.१० लाख आर्थिक सहायता वितरण गरेको देखियो।आर्थिक सहायता पाउने व्यक्ति तथा संस्थाको लगत राख्ने नगरेको, आर्थिक सहायता पाउने व्यक्तिको आर्थिक अवस्था एकिन नगरेको देखियो।पालिकाले आर्थिक सहायता एंव अनुत्पादक चालु प्रकृतिका खर्चमा कटौती नगरी पूँजिगत खर्चको हिस्सा बढाउन सक्ने अवस्था छैन।उत्पादनशिल क्षेत्रमा लगानी नगरी आर्थिक बृद्धि हासिल गर्न नसकिने भएकोले यस्ता प्रकृतिका खर्चमा कटौती गर्नुका साथै तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता र औषधी उपचार खर्च लेख्नुपर्ने देखिन्छ।

६४ **संघीय सञ्चित कोष फिर्ता गर्नुपर्ने**

विनियोजन विधेयक २०८१ को दफा ६(१०) मा सर्शत, समपुरक र विशेष अनुदानको रकम खर्च नभई वचत भएमा त्यस्तो वचत रकम सोहि आर्थिक वर्षको असार मसान्तसम्म सम्वन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमार्फत संघिय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ।पालिकाले यस वर्ष मालिका मा. वि. लाई अन्तिम त्रैमासिक निकासा गर्दा रु.१२५५९२। वढी निकासा गरेको रकम पालिकाको चालु खर्च खातामा दाखिला गरेकोले उक्त रकम संघिय सञ्चित कोष फिर्ता गरेको प्रमाण पेश गर्नुपर्दछ।

प्रमाण पेश नगरेको	१,२५,५९२

६५ **कार्यसम्पादनमा आधारित अनुदान**

शिक्षा तथा मानव स्रोत केन्द्रवाट जारी भएको कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं. २.७.१३.१३ मा तोकिएका सुचकका आधारमा उत्कृष्ट व्यवस्थापन भएका विद्यालयहरुमध्ये सामाजिक परीक्षण मापदण्ड २०७८ ले तोकेको विधि प्रक्रिया र पद्धतिवमोजिम

प्राप्त गरेको अंकलाई आधार मानि उच्च अंक ल्याउने विद्यालयलाई क्रमश तिन लाख, र दोस्रोलाई दुई लाख निकासा गर्ने उल्लेख छ। पालिकाले यस वर्ष गोश्वारा भौचर नं १०८।२०८२।३।११ वाट मालिका मा वि लाई ३०००००। र चन्दननाथ आधारभुत विद्यालयलाई रु.२०००००। गरी रु.५०००००।निकासा गरेकोमा सामाजिक परीक्षण मापदण्ड अनुसार अंक प्रदान गरि अनुदान निकासा गरेको प्रमाण पेश नगरेकोले पेश गरेर मात्र निकासा दिनुपर्दछ।निकासा गरेको अनुदान रकमको उपयोग सम्वन्धमा पालिकाले अनुगमन गरि अनुदान रकम तोकिएको प्रयोजनमै खर्च भएको सुनिश्चितता गर्नुपर्दछ।

६६ तालिम कार्यक्रम

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत वजेट खर्च गर्दा नियमितता, प्रभावकारीता कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्रनुपर्ने व्यवस्था रहेको छ।त्यसैगरी ऐनको दफा ११ मा स्थानीय तहको कार्यक्षेत्रको सम्वन्धमा समेत उल्लेख गरेको छ।पालिकाले यस वर्ष देहायवमोजिम तालिम कार्यक्रम गरी रु.१३५९५१५। खर्च गरेको छ। पालिकाले सञ्चालित तालिमको प्रभावकारीता मुल्यांकन र सेवा प्रवाहमा आएको प्रभावकारीता वारे मुल्यांकन गरेको छैन।पालिकाले सञ्चालित तालिम कार्यक्रमको प्रभावकारीता विश्लेषण गरी आगामि दिनमा तालिम कार्यक्रममा वजेट विनियोजन गर्नुपर्दछ। केहि उदाहरणहरु निम्न छन।

गो भौ नं	तालिमको विवरण	खर्च रकम
५३६।२०८२।३।१६	३ दिने सार्वजनिक खरिद तालिम	१३६९००
	PAMS V2 तालिम	७०३००
	जिन्सि अभिलेख मर्मत लिलाम तालिम	१०३६००
	योजना अभिमुखिकरण तथा कर्मचारी क्षमता वृद्धि सम्वन्धि तालिम गत वर्षको समिक्षा तथा यस वर्षको अभिमुखिकरण कार्यक्रम	२९८२००
	सुचना प्रविधि मार्फत सेवा प्रवाह सम्वन्धि प्रशिक्षण कार्यक्रम	२०००००
	कर्मचारी क्षमता विकास तालिम	१०००००
५४०।२०८२।३।१६	धागो काट्ने तालिम	१४००००
	स्थानीय पुर्वाधार विकास सहयोग कार्यक्रम	१०००००
५६५।२०८२।३।१९	७ दिने पत्रकारको क्षमता विकास तालिम	२१०५१५
जम्मा		१३५९५१५

६७ व्यक्तिलाई भुक्तानी

अर्थ मन्त्रालयको नीतिगत मार्गदर्शनमा आन्तरीक नियन्त्रणलाइ प्रभावकारी वनाउनको लागि भुक्तानी दिदा एकाउन्ट पेयी चेक मार्फत सम्वन्धीत फर्म तथा संस्थालाइ भुक्तानी दिनुपर्ने व्यवस्था गरेकोमा कार्यालयले विभिन्न कामको भुक्तानी तथा अन्य कार्यक्रम सन्चालन गर्नको लागि सम्वन्धीत फर्म तथा संस्थालाइ भुक्तानी नदिइ कार्यालयका कर्मचारीलाइ भुक्तानी दिएको छ। सम्वन्धीतलाइ नै भुक्तानी हुने गरी लेखा व्यवस्थापन गर्नुपर्दछ।नमुना छनौटका आधारमा परीक्षण गर्दा देखिएका केहि उदाहरण देहायअनुसार रहेका छन।

गोश्वारा भौचर मिति	विवरण	खरिद पार्टी	भुक्तानी पाउने	रकम
५३४।२०८२।३।१६	पशु औषधि खरिद	मध्यपश्चिचत एग्रोभेट सेन्टर	सुमन तामाङ	६५७६१०
१३१	औषधि खरिद	स्टार मेडिकल हाउस	भिम वहादुर महतरा	१०२५००
५६६।२०८२।३।१९	तरकारी विउ विजन खरिद	किसान एग्रो मल्टीप्रपोज	अपिल क्षेत्री	३२७३६०

६८ पाम्स दाखिला नभएको

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ९५ मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी कुनै प्रकारले हस्तान्तरण भई आएको सम्पत्ति तथा जिन्सी मालसामानको विवरण र मुल्य समेत खुलाई सम्पती तथा जिन्सी कितावमा सात दिनभित्र आम्दानी वाँधि लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था छ। पालिकाले भौ नं ५८९।०८२।३।२१ वाट मसलन्द तथा कार्यालय सामाग्री खरिद गरी युगल सर्भिस सेन्टरलाई रु.१०५४१०। भुक्तानी गरेकोमा सार्वजनिक सम्पती व्यवस्थापन प्रणालीमा दाखिला गरेको नदेखिएकोले दाखिला गरी सोको प्रमाण पेश गर्नुपर्दछ ।

प्रमाण पेश नगरेको	१,०५,४१०

६९ **विल भरपाई नभएकोः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने विल भरपाई विल भरपाई प्रमाण कागजात संलग्न गर्नुपर्ने उल्लेख छ।कार्यालयले देहायवमोजिमको खर्च लेखाङ्कन गर्दा नियमावलीमा उल्लेख भएवमोजिम खर्च प्रमाणित गर्ने विल भरापाई संलग्न नगरी खर्च लेखाङ्कन गरेको रु ८७२१९०।०० को खर्च पुष्टी गर्ने विल भरपाई पेश गर्नुपर्दछ।

गो भौ नं मिति	विवरण	रकम
५६६।२०८२।३।१९	तरकारी विउ विजन खरिद ६ प्रकारका तरकारी विउ र १३२० वटा कम्पोजिट किट वितरणको भरपाईको नभएको	३२७३६०
५५९।२०८२।३।१९	सवारी साधन मर्मत टंक हमाललाई भुक्तानी विल नभएको	७५७००
५८३।२०८२।३।१९	संलग्न कागजात अनुसार भुक्तानी भौचर पेश नभएको	५००००
५९२।२०८२।३।२२	विल अनुसार भुक्तानी भौचर विल नभएको	९२०००
६११।२०८२।३।२४	कार्यक्रम खर्च फाइल पेश नभएको	१०००००
६१६।६१७।२०८२।३।२४	ज्येष्ठ नागरिक सम्मान कार्यक्रमको लागि १५५ थान हुडि ज्याकेट खरिद गरी भावना कुमारी खड्कालाई भुक्तानी गरेकोमा वडा नं ६ को २१ थानको मात्र भरपाई पेश भएको	२२७१३०
जम्मा		८७२१९०

प्रमाण पेश नगरेको	८,७२,१९०

७० **मापदण्ड पालना**

शिक्षा तथा मानव विकास केन्द्रवाट जारी भएको कार्यक्रम कार्यान्वियन पुस्तिका शिक्षा २०८१।८२ को क्रियाकलाप नं २.७.१३.३०२ मा एकिकृत पाठ्यक्रम निर्माण सम्वन्धि कष्टमाइज्ड तालिम कार्यक्रममा प्रतिशिक्षक रु.६ हजार र आधारभुत तथा माध्यामिक विद्यालयका आइटी स्रोत शिक्षकका लागि सुचना प्रविधि सम्वन्धि क्षमता विकास तालिममा प्रति शिक्षक ५ हजारका दरले खर्च गर्नुपर्ने उल्लेख छ। कार्यालयले दुई कार्यक्रम सञ्चालन गरी भौ नं १६७।२०८२।३।१८ र भौ नं २०४ वाट टिकाराम आचार्यको पेश्की फछ्यौट गरी रु. ६६८१९०। खर्च लेखेको छ। एकिकृत पाठ्यक्रम निर्माण सम्वन्धि कष्टमाइज्ड तालिम कार्यक्रममा २५ जना शिक्षक सहभागि भएकोमा प्रतिशिक्षक ५०००। का दरले १२५०००, प्रशिक्षक खर्च ३०००० गरी १५५००० र सुचना प्रविधि तालिम कार्यक्रममा २५ जना शिक्षक सहभागि भएकोमा प्रतिशिक्षक ६०००। का दरले १५००००, प्रशिक्षक खर्च १८००० गरी १६८००० गरी कुल जम्मा ३२३०००। खर्च गर्नुपर्ने देखिन्छ।यसरी स्विकृत मापदण्डको पालना नगरी खर्च गरेको रकम नियमसम्मत देखिएन।

अनियमित भएको	३,४५,१९०

७१ **नमुना विद्यालय अनुदान**

शिक्षा तथा मानव विकास केन्द्रवाट जारी भएको कार्यक्रम कार्यान्वयन पुस्तिका शिक्षा २०८१।८२ को क्रियाकलाप नं २.७.१३.१३ मा स्थानीय तहमा नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकिय योजना कार्यान्वयनको लागि निकासा गरिएको अनुदानवाट विज्ञान विषयको पठनपाठनको लागि शिक्षक व्यवस्थापन, छात्रवृती, प्रयोगशाला सञ्चालन तथा अद्यावधिक, क्षमता विकास लगायतका कार्यक्रम स्विकृत गुरुयोजना अनुसार सञ्चालन गर्नुपर्ने उल्लेख छ।पालिकाले यस वर्ष भौ नं १७६।२०८२।३।२० वाट नमुना विद्यालय शैक्षिक तथा व्यवस्थापकिय योजना कार्यान्वयनको लागि अन्नपुर्ण मा वि लाई रु.१० लाख निकासा गरेकोमा नमुना विद्यालय गुरुयोजना पेश भएको छैन। निकासा भएको रकम पुस्तकालय र पहरेदार तलव, अतिरिक्त जिम्मेवारी/कक्षा भत्ता र खानेपानी तथा छात्रावास लगायतका विषयमा खर्च भएकोमा पालिकावाट समेत अनुगमन भएको देखिएन।पालिकाले स्विकृत नमुना विद्यालय गुरुयोजना अनुरुप खर्चको सुनिश्चितता गर्नुपर्दछ।

७२ **छात्रवृत्ति**

शिक्षा तथा मानव स्रोत केन्द्रवाट जारी भएको कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं. ७.२.१.१ को गैरआवसिय छात्रवृती अर्न्तगत कर्णाली प्याकेज अन्तर्गत तोकिएका जिल्लाका १ देखि ५ कक्षामा अध्ययनरत छात्राहरुको लागि वार्षिक १ हजारका दरले छात्रवृती उपलव्ध गराउने उल्लेख छ।पालिकाले यस वर्ष कर्णाली प्याकेज छात्रवृती अन्तर्गत भौ नं ७५।२०८२।१।३१ वाट रु.४४५६००। विद्यालयको खातामा निकासा दिई खर्च लेखेकोमा देहायका विद्यालयमा EMIS तथ्यांक भन्दा वढी विद्यार्थी संख्या उल्लेख गरी निकासा दिएकोले वढी निकासा दिएको रकम सम्वन्धित विद्यालयवाट असुल गरी संघिय सञ्चित कोष दाखिला गर्नुपर्दछ।

विद्यालय	EMIS तथ्यांक अनुसारको कक्षा १-५ छात्रा संख्या	निकासा संख्या	वढी संख्या	१००० का दरले वढी निकासा
कैलाश आधारभुत विद्यालय	९	१६	७	७०००
रारा आधारभुत विद्यालय	३४	४७	१३	१३०००
जम्मा				२००००

असुल गर्नुपर्ने	२०,०००

७३ **स्यानीटरी प्याड खरिद**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ।कार्यलयले सामुदायिक विद्यालयका छात्रहरुको लागि निशुल्क स्यानीटरी प्याड कार्यक्रमवाट ८८६० प्याकेट स्यानीटरी प्याड खरिद गरी भौ नं १६।२०८१।८।७ वाट भवानी मेडिसिन सप्लायर्सलाईअ खरिद वापत रु.६८९३१६।र ढुवानी वापत रु. ६१२५६ गरी रु.७५०५७२।खर्च गरेको छ।पाललिकाले खरिद गरेको स्यानीटरी प्याडको गुणस्तर परीक्षण गरेको छैन। पालिकाले गुणस्तर परीक्षण गरी खरिद कार्य गर्नु पर्दछ ।

७४ **दिवा खाजा**

शिक्षा तथा मानव स्रोत केन्द्रवाट जारी भएको कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं. २.७.११.१ मा विद्यालयगत तथ्याङ्कका आधारमा विद्यालयहरुलाई बाल विकास कक्षा देखि कक्षा ५ सम्म प्रति विद्यार्थी दैनिक रु.२५ का दरले अधिकतम १८० दिनसम्मको विद्यालयलाई विद्यार्थीको दैनिक हाजिरी पुस्तिकाको प्रतिलिपि विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षबाट प्रमाणित गराई विद्यार्थी संख्या यकिन गरी अनुदान निकासा दिने व्यवस्था छ । पालिकाले यस वर्ष १६ विद्यालयलाई १६५ दिनको प्रतिदिन प्रतिविद्यार्थी २५ का दरले भौ नं ६४ र १५७ वाट दुइ किस्तामा रु.३९ लाख १ हजार ४५० निकासा गरेको छ। पालिकाले EMIS तथ्यांक अद्यावधिक नगरेको कारण विद्यालयमा निकासा भएको रकम यथार्थ हो होइन एकिन गर्न सकिएन। विद्यालयवाट सञ्चालित दिवा खाजा कार्यक्रमको स्थानीय तहवाट अनुगमन समेत भएको पाइएन।पालिकाले कार्यविधिको पुर्ण कार्यान्वयन गरी दिवा खाजा कार्यक्रमलाई प्रभावकारी वनाउनुपर्दछ।नमुना छनौट गरी परीक्षण गर्दा डाँफे आधारभुत विद्यालयमा विद्यार्थीको संख्या निम्नानुसार देखिएको छ।

कक्षा	EMIS तथ्यांक अनुसारको विधार्थी संख्या	प्रति विद्यार्थी लागत अनुदानमा उल्लेख संख्या	दिवा खाजा निकासा भएको विद्यार्थी संख्या
१	२०	१६	१९
२	३२	१५	१९
३	१५	१७	१९
४	१४	१९	१७
५	२०	११	१७
इ सि डि	२७	२७	२७

उपर्युक्त तथ्यांक अनुसार EMIS संग प्रतिविद्यार्थी लागत र दिवा खाजा निकासा विद्यार्थी संख्या भिडान नभएको हुँदा भिडान गरेर मात्र निकासा दिनुपर्दछ।

७५ **पाठ्यपुस्तक अनुदान**

शिक्षा तथा मानव स्रोत केन्द्रावाट जारी भएको कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं. २.४.६.२ मा विद्यालयले माग गरेको विद्यार्थी संख्या सहित रकमलाई इएमआइएस तथ्यांक र वास्तविक तथ्यांकसंग सत्यापन गराई सोको आधारमा स्विकृत कक्षागत दररेटका आधारमा प्रथम पटकमा ७५ प्रतिशत र वास्तविक खर्चको हिसाव गरी थप पाठ्यपुस्तक अनुदान निकासा दिनुपर्ने उल्लेख छ। पालिकाले यस वर्ष भौ नं १०१,२०७,२०८ र २०९ वाट रु.१०५९५५६। पाठ्यपुस्तक अनुदान निकासा गरेको छ।यस सम्वन्धमा निम्नानुसार देखिएको छ।

७५.१ अन्नपुर्ण मा.वि. ले पालिकामा पेश गरेको पाठ्यपुस्तक विल रकम रु.२०३५९०। रहेकोमा पालिकावाट रु.२०५९४६। निकासा गरेकोले वढी निकासा गरेको रु.२३५६। असुल गर्नुपर्दछ।

असुल गर्नुपर्ने	२,३५६

७५.२ कालिका मा. वि. ले रु.२१४४२९। को विल पेश गरेकोमा रु.२१२६०७७। निकासा भएकोले वढी निकासा भएको रु.१६४८। र कक्षा ७ मा ३० जना विद्यार्थीको भरपाई पेश भएकोमा ३६ जनाको विल पेश गरी प्रतिसेट ७४८ का दरले ६ जनाको वढी निकासा रु.४४८८। गरी वढी निकासा भएको रु.६१३६ असुल गर्नुपर्दछ।

असुल गर्नुपर्ने	६,१३६

७५.३ भानु आ वि कक्षा ८ सम्म नयाँ सञ्चालन भएकोले उक्त विद्यालयको EMIS मा विद्यार्थी संख्या नरहेको भनी मालिका मा वि लाई रु.१४९९४। निकासा भएकोमा रु.१००००। मात्र भानु आधारभुत विद्यालयको खातामा जम्मा भएकोले वाँकि रु.४९९४।भानु माध्यामिक विद्यालयको खातामा जम्मा भएको वैक भौचर पेश गर्नुपर्दछ।अन्यथा मालिका मा वि वाट उक्त रकम असुल गर्नुपर्दछ।

प्रमाण पेश नगरेको	४,९९४

७६ **न्यानो झोलाः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २४ मा सरकारी खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उच्चतम गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नु पर्ने व्यवस्था छ । यसरी खर्च गर्दा खर्च गर्ने अधिकारीले स्वीकृत बजेट खर्च गर्दा नियमितता मितव्ययिता कार्यदक्षता प्रभावकारीता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । त्यस्तै आर्थिक कार्यविधि तथा उत्तरदायित्व नियमावलीको नियम ४१ अनुसार कार्यालय प्रमुखले सरकारी रकम खर्च गर्नु भन्दा पहिला आवश्यकता पहिचान गरी खर्च गर्नुपर्ने स्थानमा मात्र खर्च लेख्नुपर्ने व्यवस्था गरेको छ । कार्यालयले भौ नं १३१।२०८१।८।९ वाट न्यानो झोला तथा विभिन्न सर्जिकल सामाग्री खरिदवापत सन्ध्या मेडिसिन सप्लायर्सलाई भुक्तानी गरी

रु.५८७०८६। खर्च लेखेकोमा खरिद भएको न्यानो झोलाको गुणस्तर परीक्षण गरेको छैन। साथै खरिद गरिएका न्यानो झोला तथा सर्जिकल सामाग्री वितरण नभई स्टकमा नै रहेकोले पालिकाले आवश्यकताको आधारमा खरिद प्रयोग तथा मौज्दात व्यवस्थापन गर्नुपर्दछ।

७७ नाफामूलक संस्थालाई भुक्तानी

गो.भौ.नं.३०४, २०८१।१२।३ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ ।व्यवसायिक चलचित्र निर्माता कम्पनी आर वि मुभिजले निर्माण तथा छायाङ्कन गरेको द्रौपदी चलचित्रले पालिकाको पर्यटन प्रवर्द्धन गरेको भनी राहत तथा सहयोग शीर्षकबाट आर.बी.मुभिजलाई रु.२०००००। भुक्तानी दिएको छ । व्यवसायिक मुनाफा आर्जन गर्ने उद्देश्यले निर्माण गरेको चलचित्रको छायाङ्कन बापत भुक्तानी दिएको रकम नियमसम्मत देखिएन।

अनियमित भएको	२,००,०००

७८ असम्बन्धित भुक्तानी

गो.भौ.नं.२०३ , २०८१।११।०१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल भरपाई प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। कार्यालयले कामना आयुर्वेद, नेपालगञ्जबाट आयुर्वेदिक औषधी खरिद गरी गोपाल वस्नेतलाई रु.४४६२५२।भुक्तानी गरीखर्च लेखेको छ।खरिद भएका आयुर्वेदिक औषधिहरुको जिन्सी दाखिला समेतगरेको छैन । अत: खरिद गरेका औषधीको जिन्सी दाखिला प्रतिवेदन पेश गर्नुपर्ने साथै कामना आयुर्वेदलाई रकम वुझाइएको प्रमाण पेश गर्नुपर्दछ।रु

प्रमाण पेश नगरेको	४,४६,२५२

७९ बील भर्पाई पेश नभएको

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल भरपाई प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ ।पालिकाले यस वर्ष देहायवमोजिम भौचरवाट सुचना प्रकासन तथा छपाईको भुक्तानी गरेकोमा खर्च प्रमाणित गर्ने विल भरपाई तथा खर्च पुष्ट्याई गर्ने प्रमाण कागजात संलग्न नगरि भुक्तानी गरेकोले खर्च पुष्टी गर्ने विल भरपाई पेश गर्नुपर्दछ। अन्यथा असुल गर्नुपर्दछ।

सि.नं.	गो.भौ.नं./ मिति	विवरण	भुक्तानी पाउने	रकम
१	२७२,२०८१।११।०८	पत्रिका छपाई तथा सूचना प्रकाशन	आर के व्रोडकास्टिङ मिडिया प्रा लि	३००००
२.	४३६,२०८२।२।१४	सूचना प्रकाशन बापत	ई.टी.सी. मिडिया प्रा लि	३००००
	जम्मा			६००००

प्रमाण पेश नगरेको	६०,०००

८० करार सेवा

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ को उपदफा (६) मा स्थानीय तहले नगर प्रहरी, सवारी चालक, सरसफाई सम्बन्धि आदि पदमा बाहेक अन्य पद तथा सेवामा करारवाट पदपूर्ति गर्न नसकिने कानूनी व्यवस्था गरेको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २०७४।१२।१४ मा जारी स्थानीय तहमा करारमा जनशक्ति व्यवस्थापन गर्ने कार्यविधि, २०७४ मा स्वीकृत दरवन्दी भन्दा वाहिर अन्य रुपमा कर्मचारीहरु राखी तलब भत्ता वा पारिश्रमिक भुक्तानी गर्न नमिल्ने र त्यस्तो कार्य प्रचलित कानून विपरित भई भुक्तानी गर्ने पदाधिकारीवाट असुल उपर हुने व्यहोरा उल्लेख छ। पालिकावाट प्राप्त विवरण अनुसार कार्यालय सहयोगी र सवारी चालक, गाउँ प्रहरी बाहेक इन्जिनियर १ जना, सूचना प्रविधि अधिकृत १ जना, कम्प्युटर अपरेटर १ जना, सहायक कम्प्युटर अपरेटर १ जना, लेखा सहायक ३ जना, विधुत अपरेटर २ जना, एफ.एम.म्यानेजर १ जना, एफ.एम.सहायक १ जना गरी

करारमा नियुक्ति गरी तलब भत्ताबापत जम्मा रु ४५३२२४७ खर्च लेखेको छ।पालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण गरि कर्मचारीको स्थायी पदपुर्ती गर्नुपर्दछ ।

८१ **विशेष भत्ता**

करार सम्झौता गर्दा तलब, पर्व खर्च र पोशाक खर्च बाहेक अरु सुविधा नपाउने गरी बढिमा छ महिनाको समय अवधि राखी करार सम्झौता गर्नुपर्ने व्यवस्था छ । साथै अर्थ मन्त्रालयको मिति २०७९।०१।२१ को संघीय मामिला तथा सामान्य प्रशासनलाई लेखेको पत्रमा विशेष भत्ता सम्बन्धमा कुनै पनि कानूनी व्यवस्था नभएकोले करारमा कार्यरत कर्मचारीहरुलाई कुनै किसिमको विशेष भत्ता उपलब्ध गराउन नसकिने व्यहोरा परिपत्र गरेको छ । पालिकाले देहायका कर्मचारीहरुलाई करार सम्झौता गर्दाका बखत नै विशेष भत्ता दिने सम्झौता गरी सो बमोजिम वार्षिक भत्ता वितरण गरेकोले नियमसंगत देखिएन ।

सि.नं.	पद	कर्मचारी	विशेष भत्ता दर	जम्मा(१२ महिना)
१	सुचना प्रविधि अधिकृत	प्रताप लामा	१४७६०	१७७१२०
२	इन्जिनियर	प्रकाश कुमार सिजापति	१४७६०	१७७१२०
जम्मा				३५४२४०

अनियमित भएको	३,५४,२४०

८२ **पदाधिकारी सुविधा**

कर्णाली प्रदेशका स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधासम्बन्धी कानुन २०७७ मा कर्णाली प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारीले पाउने सेवा सुविधा सम्बन्धी व्यवस्था रहेको छ । उक्त कानुनको दफा १६ मा कानुनमा तोकिएभन्दा बढी सुविधा लिई सुविधाको दुरुपयोग गर्न नहुने कुरा उल्लेख छ । पालिकाले कानूनमा तोकिएको बाहेक अध्यक्ष तथा उपाध्यक्षको क्वाटर खर्च उल्लेख गरी देहायवमोजिम बिलबमोजिमको रकम खर्च लेखी भुक्तानी दिएको रकम नियमसम्मत देखिएन।

सि.नं.	गो.भौ.नं. / मिति	विवरण	भुक्तानी पाउने	रकम
१	१७, २०८१।६।११	उपाध्यक्ष क्वाटरमा भएको राशन खर्च	विभिन्न होटल तथा सप्लायर्सलाई	५००००
२	१९,२०८१।६।११	गतवर्षको अध्यक्ष र उपाध्यक्षको क्वाटर खर्च	विभिन्न होटल तथा सप्लायर्सलाई	३५००००
जम्मा				४०००००

अनियमित भएको	४,००,०००

८३ **जिवन निर्वाह भत्ता**

कर्णाली प्रदेश आन्तरीक मामीला मन्त्रालयले घाइते अपाङ्गता भएका व्यक्तिलाई जीवन निर्वाह भत्ता वितरण कार्यविधी २०८१ को बुँदा नं ३(५) भत्ता प्राप्त गर्ने व्यक्ति नेपाल सरकार प्रदेश सरकार वा स्थानिय तहको कुनैपनि निकायमा रोजगारीमा रहि तलव भत्ता वा सरकारी सेवा सुविधा खाईपाई आएको भएमा त्यस्तो व्यक्ति लाई सेवा सुविधा प्राप्त गरेको अवधिभरको भत्ता रकम उपलब्ध नगराउने उल्लेख छ। पालिकाले यस वर्ष ४४ जना लाभग्राहिलाई प्रतिव्यक्ति रु.२४०००। का दरले रु. १० लाख ५६ हजार भत्ता उपलव्ध गराएको छ। पालिकाले भत्ता प्राप्त गर्ने व्यक्तिले उपरोक्त नियमको व्यवस्था अनुसार सेवा सुविधा लिए नलिएको एकिन गरको छैन भने स्वघोषणा समेत गराएको छैन । साथै मन्त्रालय तथा स्थानीय तहवाट समिति गठन गरी भत्ता पाउने व्यक्तिको अनुगमन गर्ने उल्लेख भएकोमा अनुगमन समेत भएको देखिएन। पालिकाले कार्यविधिको परिपालना गरी भत्ता वितरण गर्नुपर्दछ।

८४ **बेपत्ता तथा सहिद स्मृति भत्ता**

कर्णाली प्रदेश, आन्तरिक मामिला तथा कानुन मन्त्रालयको सहिद स्मृति भत्ता वितरण कार्यविधि २०८१ को बुँदा नं.२ मा सहिद वा बेपत्ता व्यक्ति भन्नाले सशस्त्र संघर्ष, जनआन्दोलन र प्रदेश स्थापनाका लागि भएको आन्दोलनका क्रममा सहादत प्राप्त गरेका वा बेपत्ता पारिएका व्यक्ति सम्झनुपर्ने तथा हकवाला भन्नाले सहिद वा बेपत्ता पारिएका व्यक्तिका पति वा पत्नी, निज नभए निजका छोरा,

अविवाहिता छोरी र निज पनि नभए निजका आमा वा बाबु सम्झनुपर्ने भनी परिभाषित गरिएको छ । त्यस्तै कार्यविधिको बुँदा नं. ३ मा सहिद वा बेपत्ता पारिएका व्यक्तिका हकवाला मध्ये प्राथमिकताका आधारमा एकजनाले मात्र उक्त कार्यविधिबमोजिमको भत्ता प्राप्त गर्न सक्ने व्यवस्था रहेको छ । पालिकाले सहिद स्मृति भत्ता वितरण गर्दा कार्यविधिले तोकेका हकवाला भन्दा फरक व्यक्तिहरुलाई भत्ता वितरण गरेकोले कार्यविधि विपरित वितरण गरेको भत्ता रकम असुल उपर गर्नुपर्दछ ।

सि.नं.	सहिद वा बेपत्ता व्यक्तिको नाम	भत्ता रकम बुझ्नेको नाम	नाता	रकम
१	कर्ण बहादुर रोकाया	लालभक्त रोकाया	साइलो भाई	२४०००
२	दत्त बहादुर ठकुल्ला	जय बहादुर ठकुल्ला	दाई	२४०००
३	प्रसाद बुढा	दलजित बुढा	भाई	२४०००
४	दले सार्की	जयराम सार्की	भाई	२४०००
५	सर्पजित सार्की	हैकली सार्की	दिदि	२४०००
६	कर्ण सार्की	राम बहादुर सार्की	भाई	२४०००
७	धनसरी सार्की	जयकुमारी सार्की	दिदि	२४०००
८	लोक बहादुर रोकाया	लक्ष्मी बोहोरा	दिदि	२४०००
९	चंख बुढा	इन्द्र बुढा	दाई	२४०००
१०	जितबहादुर सार्की	मिनराज सार्की	भाई	२४०००
११	मानबहादुर सार्की	धनबहादुर सार्की	भाई	२४०००
जम्मा				२६४०००

असुल गर्नुपर्ने	२,६४,०००

८५ **घाइते पहिचान**

कर्णाली प्रदेश, आन्तरिक मामिला तथा कानुन मन्त्रालयको घाइते अपाङ्गता भएका व्यक्तिलाई जीवन निर्वाह भत्ता वितरण कार्यविधि, २०८१ मा मन्त्रालयले सम्बन्धित जिल्ला प्रशासन कार्यालयसँग घाइते वा अपाङ्गको विवरण माग गर्नुपर्ने,प्राप्त विवरणको आधारमा मन्त्रालयले जिल्लागत नामावली सहितको विधुतीय कपी सम्बन्धित स्थानीय तहमा पठाउनुपर्ने र सोही आधारमा सम्बन्धित स्थानीय तहले जाँचबुझ गरि निवेदन माग गरि भत्ता वितरण गर्न सक्ने व्यवस्था छ । साथै कार्यविधिको बुँदा नं.१० मा कार्यविधि बमोजिम उपलब्ध गराएको भत्ताबापतको रकम कार्यविधि विपरित अन्य कुनै पनि प्रयोजनका लागि खर्च गर्न नपाइने तथा भत्ता रकमको दुरुपयोग भएको पाइएमा दुरुपयोग गर्ने व्यक्तिबाट सरकारी बाँकीसरह असुल उपर गर्ने व्यवस्था छ । जिल्ला प्रशासन कार्यालयबाट प्राप्त घाईतेको विवरणबमोजिम पालिकाले वितरण गरेको जीवन निर्वाह भत्ता देहायका व्यक्तिहरुको विवरण नभिडेको रकम रु५०४०००। को सम्वन्धमा पालिकाले यकिन गरि प्रमाण पेश गर्नुपर्दछ।

सि.नं.	घाइते व्यक्तिको नाम	रकम
१.	मानदत्त बोहोरा	२४०००
२.	माया बोहोरा	२४०००
३.	मान बहादुर बोहोरा	२४०००
४.	मुनविर बुढा	२४०००
५.	गजेन्द्र परियार	२४०००
६.	सुर्जा परियार	२४०००
७	डिल बहादुर सार्की	२४०००
८	धनसरी बोहोरा	२४०००
९	कृष्ण कुमारी शाही	२४०००
१०	पवित्रा शाही थापा	२४०००
११	नवराज बोहोरा	२४०००
१२	सर्मिला चौधरी बोहोरा	२४०००
१३	विर्ख बहादुर शाही	२४०००
१४	जुनछाँया शाही	२४०००
१५	नर बहादुर बोहोरा	२४०००
१६	धनलाल बोहोरा	२४०००
१७	जुने बिक	२४०००
१८	दले दमाई	२४०००
१९	मनराज परियार	२४०००
२०	नमराज बोहोरा	२४०००
२१	मुन्सरा परियार	२४०००
	जम्मा	५०४०००

प्रमाण पेश नगरेको	५,०४,०००

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : मुड्केचुला गाउँपालिका, डोल्पा , मुड्केचुला गाउँपालिका , डोल्पा

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
४,३२६,५१४	२,७४१,१५९	४,७९५,६६२	०	०	४,३०५,०००
प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.					१६,१६८,३३५
प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.					०
संपरीक्षणबाट थप भएको बेरुजू रु.					०
लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.					१६,१६८,३३५

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		३२११२०१४	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	२३३७४६७५३	चालु खर्च	२२१९८६९५२
प्रदेश सरकारबाट अनुदान	५८०९८०००	पूँजीगत खर्च	१२८४८८७६७
राजश्व बाँडफाँट	५५१४८६५६	वित्तीय/अन्य व्यवस्था	४८९८९३९७
आन्तरिक आय	२५६६७६७.०		
अन्य आय	३६३३०४५३		
कुल आय	३८५८९०६२९.०	कुल खर्च	३९९४६५११६
बाँकी मौज्दात		१८५३७५२७	

अनुसूची - २

सुझाव

स्थानीय तहद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गर्नुपर्दछ ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ । म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ । स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/ आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।

- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।